# संघीय लोकतान्त्रिक गणतन्त्र इथियोपियाको संविधान : नेपाली अनुवाद

**सामग्री परिचय**

नेपाल यसबेला नयाँ संविधान बनाउने क्रममा छ । निकट भविष्यमा बन्न गइरहेको नयाँ संविधानमार्फत् नेपालको एकात्मक व्यवस्थाका ठाउँमा संघीय ढाँचाको शासनप्रणाली स्थापना हुने अपेक्षा गरिएको छ । यस नयाँ प्रणालीको स्थापनापश्चात् नेपाली नागरिक र नेपाल सरकारका बीच हुने अन्तर्क्रियाको शैलीमा उल्लेख्य परिवर्तन आउने छ ।

एकात्मक शासनप्रणालीबाट संघीय प्रणालीमा रूपान्तरणको प्रक्रिया सहज हुँदैन । त्यसमाथि नेपालका चुनौतीहरू अझ ठूला छन् किनकी संविधानको निर्माणमार्फत् नेपालको सशस्त्र द्वन्द्वको रूपान्तरण गर्ने थप जिम्मेवारी पनि संविधानसभाको छ । नेपालमा विद्यमान विविधता, गरिबी, क्षेत्रीय असन्तुलन र गरिब तथा धनीबीचको खाडल पनि नेपाली जनतालाई सुशासनको अनुभुति गराउने खालको संघीय प्रणालीको निर्माणका चुनौतीहरू हुन सक्छन् ।

२०६४ चैत्र २८ मा सम्पन्न निर्वाचनबाट गठन भएको संविधानसभाले नेपालको नयाँ संविधानको मस्यौदा तयार पारिरहेको छ । संविधानसभाका विभिन्न विषय समितिहरू नेपाली जनताको चाहनाअनुरूप नेपालका लागि उपयुक्त संविधान निर्माणका लागि विभिन्न विषयगत मस्यौदा तयार पार्ने कार्यमा जुटेका छन् । यस क्रममा संविधानसभाका सदस्यहरू, विज्ञ तथा नागरिक समाजबीच अन्य संघीय मुलुकको अनुभवका बारेमा बुझ्ने गहिरो अभिरुची रहेको देखिएको छ ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी), फोरम अफ फेडेरेसन्स तथा अन्य अन्तराष्ट्रिय संस्थाहरूसँग नेपालका नीतिनिर्माता तथा स्थानीय संघसंस्थाहरूबाट विभिन्न मुलुकका संविधानको नेपाली अनुवादका लागि अनुरोध हुँदै आएको छ । यसका लागि विभिन्न संस्था तथा दुतावासहरूले विभिन्न मुलुकका संविधानको नेपाली अनुवाद उपलब्ध गराउँदै आएका छन् । यस क्रममा इथोपियाको संविधान नेपाली भाषामा अनुवाद गरी नेपालको संविधान निर्माण प्रक्रियामा योगदान पुऱ्याउने अवसर पाएकोमा फोरम अफ फेडेसन्स हर्षित छ ।

हामीलाई आशा छ नेपालीमा अनुवादित यो संविधानले नेपालको संविधानसभाका सदस्य तथा सर्वसाधारण पाठकका लागि संघीय प्रणालीका विषयमा थप बुझ्नका लागि सघाउ पुऱ्याउने छ र नेपालको संविधान निर्माणको प्रक्रियामा केहि सहयोग गर्नेछ ।

नेपाली भाषामा अनुवाद गरिएका संविधान र अनुवाद गर्ने संस्थाको नाम तल उल्लेख गरिएको छ :

| संविधान | संस्था | सम्पर्क टेलिफोन नं. |
|---|---|---|
| क्यानडा | सिडा | +९७७-१-४४१५१९३ |
| संघीय गणतन्त्र जर्मनी | जिटिजेड | +९७७-१-५५२३२२८ |
| स्विट्जरल्यान्ड | एसडिसी | +९७७-१-५५२४९२९ |
| संयुक्त राज्य अमेरिका | अमेरिकी दुतावास | +९७७-१-४००७२०० |
| दक्षिण अफ्रिका | फोरम अफ फेडेरेसन्स | +९७७-१-४२१८८१४ |
| अष्ट्रिया | संवैधानिक संवाद केन्द्र (सम्पादनको क्रममा) | +९७७-१-४००७२०० |

Forum of Federations
THE GLOBAL NETWORK ON FEDERALISM

इथियोपियाको संविधानको नेपाली अनुवाद स्विस सरकार विकास सहयोगको आर्थिक सहयोगमा फोरम अफ फेडेरेसन्सद्वारा सम्पन्न भएको थियो ।

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC

# संघीय लोकतान्त्रिक गणतन्त्र इथियोपियाको संविधान

# Constitution of the Federal Democratic Republic of Ethiopia



# संघीय लोकतान्त्रिक गणतन्त्र इथियोपियाको संविधान

हामी, राज्यहरू, जनजातिहरू र इथियोपियाका जनताहरू;

पूर्णरूपमा आत्मनिर्णयको स्वतन्त्र अभ्यास, विधिको शासनमा आधारित समाज स्थापित गर्न र दीर्घकालिन शान्ति सुनिश्चित गर्न, सक्षम, लोकतान्त्रिक आधार सुनिश्चित गर्न र हाम्रो आर्थिक तथा सामाजिक विकासलाई अग्रगति दिन प्रतिवद्ध रहदै;

यो उद्देश्य परिपूर्ति गर्न व्यक्तिगत र जनताको मौलिक अधिकार र स्वतन्त्रताको पूर्ण सम्मान, समानता र लैंगिक, धार्मिक र सांस्कृतिक भेदभावरहित समानतामा सँगसँगै बाँच्न आवश्यक रहेको यथार्थप्रति आश्वस्त हुँदै,

सम्पन्न र गौरवशाली सांस्कृतिक परम्परासहित लामो समयदेखि बस्दै आएको भू-भागमा बसोवास गर्ने सबैबीच विभिन्न तह र तप्कामा निरन्तर अन्तक्रिया गरि, समान चासो निर्माण गरि साझा दृष्टिकोण अगाडि ल्याउन योगदान पुऱ्याएको यथार्थप्रति थप आश्वस्त हुँदै,

ऐतिहासिक अन्यायपूर्ण सम्बन्धलाई सुधार गर्दै, हाम्रा साझा हितलाई थप प्रवर्द्धन गरेमात्र हाम्रो साझा भविष्य निर्माण गर्न सकिने यथार्थलाई पूर्णरूपमा मनन गर्दै;

दीर्घकालिन तथा एकआपसमा सहयोगी अवस्थाको सिर्जना गरि हाम्रा अधिकार तथा स्वतन्त्रताहरूको सम्मान गर्न र सामुहिक हितहरूको प्रर्वद्धन गर्न एउटा आर्थिक समुदायको रूपमा बाँच्न आवश्यक रहेको प्रति आश्वश्त हुदै,

हाम्रा संघर्ष र वलिदानहरूबाट प्राप्त शान्ति र लोकतान्त्रिक व्यवस्थाका अवसरहरूलाई अन्त्यहिन परम्परा मानि सुदृढीकरण गर्न कटिबद्ध हुँदै;

माथि उल्लेखित उद्देश्य र सिद्धान्तहरूलाई परिपूर्ति गर्ने उद्देश्यले हामीलाई आपसी प्रतिवद्धतामा समाहित गर्ने संयन्त्रमा बाँध्ने संयन्त्रका रूपमा जन-निर्वाचित प्रतिनिधिहरूद्वारा यो संविधान ८ डिसेम्वर, १९९४ मा अनुमोदन गरेका छौं ।

# परिच्छेद एक

# सामान्य प्रावधानहरू

### धारा १

### राष्ट्रको नामाकरण

संविधानले संघीय तथा लोकतान्त्रिक राज्य संरचना स्थापित गरेको छ । यसै अनुरूप, इथियोपियाली राष्ट्रलाई संघीय लोकतान्त्रिक गणराज्य इथोपिया नामले चिनिनेछ ।

### धारा २

### इथियोपेली भूभागीय क्षेत्राधिकार

इथियोपेलीको भौगोलिक क्षेत्राधिकार अन्तर्गत संघीय सदस्यहरूको भूभाग र यसका सीमानाहरू अन्तर्राष्ट्रिय सहमतिहरूले तोकेअनुरूप हुनेछ ।

### धारा ३

### इथोपियाली भण्डा

१. इथियोपियाको भण्डामा माथि हरियो, बीचमा पहेंलो र तल रातो रहनेछ र बीचमा राष्ट्रिय चिन्ह रहनेछ । तीन रङ्गहरूलाई तेर्सो गरी राखिनेछ र तिनको समान क्षेत्रफल रहनेछ ।

२. झण्डाको राष्ट्रिय चिन्हले राज्यहरू, जनजातिहरू, जनताहरू लगायत इथियोपियाका धार्मिक समुदायहरूको समानता र एकताको आकांक्षा प्रतिविम्बित गर्नेछ ।

३. संघीय सदस्यहरूले आफ्नै झण्डा र प्रतिक चिन्ह राख्न सक्नेछन् र आफ्नो संसदद्वारा त्यसको विवरण दिन सक्नेछन् ।

### धारा ४

### इथियोपियाको राष्ट्रिय गान

कानूनबमोजिम स्थापित हुने इथियोपियाको राष्ट्रिय गानले संविधानका मर्मलाई इथियोपियाका जनताहरूको लोकतान्त्रिक परिपाटी भित्र संगै बस्ने प्रतिवद्धता र उनीहरूको साझा भविष्यलाई प्रतिविम्वित गर्नेछ ।

### धारा ५

### भाषा

१. इथियोपिकाका सबै भाषाहरूले राज्यको समान पहिचान पाउँनेछन् ।

२. अमहारिक केन्द्रीय सरकारको कामकाजको भाषा हुनेछ ।

३. संघीय एकाइहरूले कानूनद्वारा आफ्ना कामकाजी भाषाहरू तोक्न सक्नेछन् ।

## धारा ६

## नागरिकता

१. आमा या वावु कुनै इथियोपियाली नागरिक हुन् भने उनबाट जन्मेका छोरा वा छोरी इथियोपियाली नागरिक हुनेछन् ।

२. विदेशी नागरिकले इथियोपियाली नागरिकता लिन सक्नेछन ।

३. नागरिकता सम्बन्धी विवरण कानूनद्वारा तय गरिनेछ ।

## धारा ७

## लैङ्गिंक सवाल

यस संविधानका पुरुष लिङ्गिय प्रावधानहरूले महिलालाई पनि जनाउने छ ।

# परिच्छेद दुई

# संविधानका मौलिक सिद्धान्तहरू

## धारा ८

## जनताको सार्वभौमसत्ता

१. सार्वभौमसत्ता इथियोपियाका राज्यहरू, जनजातिहरू र जनताहरूमा रहनेछ ।

२. यो संविधान यसै सार्वभौमसत्ताको अभिव्यक्ति हो ।

३. संविधानअनुरूप निर्वाचित प्रतिनिधिहरूद्वारा र उनीहरूको प्रत्यक्ष लोकतान्त्रिक सहभागिताद्वारा सार्वभौमसत्ता अभिव्यक्त हुनेछ ।

## धारा ९

## संविधानको सर्वोच्चता

१. संविधान देशको सर्वोच्च कानून हो । कुनै कानून, परम्परा वा राज्यको कुनै अंगको वा कुनै सरकारी अधिकृतको निर्णय यो संविधानसँग बाझिएमा अमान्य हुनेछ ।

२. सबै नागरिकले, राज्यका अंगहरूले, राजनीतिक संगठन संगठनहरूले र अन्य संस्था र तिनका अधिकारीहरूले संविधानलाई आत्मसात गर्नुका साथै पालना गर्नुपर्नेछ ।

३. संविधानले प्रदान गरेको अधिकारबाहेक कुनै पनि तवरले राज्यशक्ति हत्याउन पाइने छैन ।

४. इथियोपियाले अनुमोदन गरेका सबै अन्तर्राष्ट्रिय सहमतिहरू देशको कानूनका अभिन्न अंग हुनेछन् ।

## धारा १०

## मानवअधिकार तथा लोकतान्त्रिक अधिकार

१. मानवको प्रकृतिसँगै आउने मानवअधिकार र स्वतन्त्रताहरू नैसर्गिक अधिकारहरू हुन् ।

२. नागरिक र जनताका मानवअधिकार र लोकतान्त्रिक अधिकारहरूको सम्मान गरिनेछ ।

## धारा ११

## राज्य र धर्मको पृथकता

१. राज्य र धर्म पृथक रहनेछन् ।

२. राज्यको कुनै धर्म हुने छैन ।

३. राज्यले धार्मिक मामिलामा र धर्मले राज्यको मामिलामा हस्तक्षेप गर्ने छैनन् ।

## धारा १२

## सरकारको व्यवहार र जवाफदेहिता

१. सरकारका काम कारवाहीहरू पारदर्शी रहनेछन् ।

२. सरकारी काम कर्तव्य नगरेमा सार्वजनिक पद धारण गरेको अधिकारी अथवा वा निर्वाचित प्रतिनिधि जवाफदेही हुनेछन् ।

३. जनविश्वास गुमेको खण्डमा जनताले निर्वाचित प्रतिनिधिलाई फिर्ता बोलाउन सक्नेछन् । फिर्ता बोलाइने अवस्थाहरू कानूनले तोके बमोजिम हुनेछ ।

# परिच्छेद तीन

# मौलिक अधिकार तथा स्वतन्त्रताहरू

### धारा १३

### प्रयोगको क्षेत्र र परिभाषा

१. सर्म्पूण संघीय तथा राज्यका व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका अंगहरूले सबै तहमा यस धाराको सम्मान गर्ने र कार्यान्वयन गराउने दायित्व राख्नेछन्।

२. यस धारामा उल्लेख भएका मौलिक अधिकार र स्वतन्त्रताहरूलाई विश्वव्यापी मानवअधिकार घोषणापत्र, इथियोपियाले अनुमोदन गरेका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सहमतिहरू र अन्तर्राष्ट्रिय संयन्त्रहरूको आधारमा परिभाषा गरिनेछ।

## भाग १: मानवअधिकार

### धारा १४

### जीउ ज्यानको सुरक्षा र स्वतन्त्रता

हरेक व्यक्तिको जीउ ज्यानको सुरक्षा तथा स्वतन्त्रता नैसर्गिक अधिकार हो।

### धारा १५

### जीवन अधिकार

हरेक व्यक्तिको जीउन पाउने अधिकार हुन्छ। कानूनले तोके बमोजिम गम्भिर अपराधको सजायबाहेक कसैलाई पनि जीउन पाउने अधिकारबाट बञ्चित गरिने छैन।

### धारा १६

### जीउ ज्यान सम्बन्धी अधिकार

जीउ ज्यान सम्बन्धी अधिकार हरेक व्यक्तिको शारीरिक हानीबाट सुरक्षित हुने अधिकार हुन्छ।

### धारा १७

### स्वतन्त्रताको अधिकार

१. कसैलाई पनि कानूनले स्थापना गरेको आधार र त्यसअनुरूपको प्रकृया वाहेक स्वतन्त्रताको हकबाट बञ्चित गरिने छैन।

२. कसैलाई पनि गैरकानूनी धरपकड गर्न पाइने छैन र कसैलाई पनि कुनै आरोपबीना वा उसको आस्थाबिरुद्ध नजरबन्दमा राख्न पाइने छैन।

## धारा १८

## अमानवीय व्यवहार विरुद्धको अधिकार

१. सबैको पनि कुर, अमानवीय वा निक्रिष्ट व्यवहार वा दण्डविरुद्ध सुरक्षाको अधिकार रहनेछ ।

२. कसैलाई पनि दासत्वमा राख्न पाइने छैन । कुनैपनि उद्देश्यले मानव बेचबिखनलाई प्रतिवन्ध गरिएको छ ।

३. कसैलाई पनि जबर्जस्ती वा अनिवार्य श्रममा लगाउन पाइने छैन ।

४. यस धारा अन्तर्गतको ३ नम्वर उद्देश्य अनुरूप "जबर्जस्ती वा अनिवार्य श्रम" भन्नाले निम्नानुसारलाई भने मानिनेछैन:

क) कानूनको पालनाका लागि हिरासतमा राखिएको कुनै व्यक्तिले गर्नुपर्ने कुनै कार्य वा सेवा वा सर्तसहित हिरासत मुक्त गरिएको व्यक्ति;

ख) अनिवार्य सैन्य सेवाको मनासिव विरोध गर्नेहरूका लागि त्यसको सट्टा लिइने कुनै सेवा;

ग) समुदायको अस्तित्व वा हितलाई चुनौति दिने कुनैपनि आपतकालिन संकट वा विपत्तिमा लिइने कुनै सेवा;

घ) आर्थिक र सामाजिक विकासका लागि समुदायले आफ्नो वरपर स्वयंसेवी भावनाले गरिने कुनै कृयाकलाप ।

## धारा १९

## गिरफ्तारीमा परेकाहरूको अधिकार

१. गिरफ्तारीमा परेका व्यक्तिले गिरफ्तार भएको कारण र लागेको दोषका वारेमा आफूले बुझ्ने भाषामा तुरुन्त थाहा पाउने अधिकार छ ।

२. गिरफ्तारीमा परेका व्यक्तिलाई मौन रहन सक्ने अधिकार छ । गिरफ्तार भएपछि उनीहरूले दिने वयान अदालतमा उनीहरू विरुद्ध प्रमाणका रूपमा पेश हुनसक्छ भन्ने जानकारी उनीहरूले बुझ्ने भाषामा तुरुन्त थाहा पाउने अधिकार छ ।

३. गिरफ्तार भएका व्यक्तिहरूले आफू गिरफ्तार परेको ४८ घण्टाभित्र अदालत समक्ष प्रस्तुत हुन पाउने अधिकार छ । गिरफ्तारीमा परेको स्थानदेखि अदालतसम्म आइपुग्न लाग्ने आवश्यक समयलाई भने यसले समेट्ने छैन । अदालतसमक्ष पेश गरिँदा उनीहरूलाई गिरफ्तार हुनुका ठोस कारण र अपराधको आरोपबारे सिघ्र जानकारी पाउने अधिकार छ ।

४. गिरफ्तार गर्ने प्रहरी अधिकारी वा कानूनको परिपालना गराउने सरोकारवालाले तोकिएको समयभित्र अदालतमा पेश गर्न नसकेमा र गिरफ्तारीका कारणहरू दिन नसकेमा अदालत समक्ष थुनामुक्तिको आदेश दिने नैसर्गिक अधिकार छ । न्यायाधिशले चाहेमा, अदालतले गिरफ्तार परेको व्यक्तिलाई हिरासतमा राख्न सकिने वा अनुरोध आएमा पुर्पक्षका लागि थुनामा राख्न सकिनेछ । पुर्पक्षका लागि समय सीमा तोक्दा, कानून पालना गराउने अधिकारीले हिरासतमा रहेको व्यक्तिको अदालती प्रकिया शिघ्र बढाउनुपर्नेछ ।

५. गिरफ्तार परेका व्यक्तिलाई बयान दिन वा स्वीकार्न बाध्य पारिने छैन जुन उनीहरूविरुद्ध प्रमाणको रूपमा प्रयोग हुनसक्ने छ । करकापमा लिइएको कुनै पनि प्रमाण मान्य हुनेछैन ।

६. गिरफ्तार भएका व्यक्तिको धरौटीमा रिहा हुने अधिकार छ । कानून बमोजिम असाधारण अवस्थामा अदालतले धरौटीमा रिहा गर्न अस्वीकार गर्न सक्नेछ वा सर्शत रिहा गर्दा प्रयाप्त ग्यारेण्टीको माग गर्न सक्नेछ ।

**धारा २०**

**आरोपित व्यक्तिहरूका अधिकार**

१. आरोप लागिसकेपछि उपयुक्त समयावधि भित्रै सामान्य अदालतमा सार्वजनिक सुनुवाईको अधिकार आरोपितलाई हुनेछ । सम्बन्धित पक्षको गोपनियताको अधिकार सार्वजनिक मर्यादा र राष्ट्रिय सुरक्षाको संरक्षणमा मात्र गोप्य सुनुवाई गर्न सकिनेछ ।

२. आरोपित व्यक्तिलाई आफू विरुद्ध लगाइएका आरोपहरूको यथेष्ठ जानकारी पाउने अधिकार हुनेछ र आरोप लिखित रूपमै दिनुपर्नेछ ।

३. अदालती प्रक्रियामा कानूनतः दोषी प्रमाणित नभएसम्म आरोपित व्यक्तिहरूलाई निर्दोष मानिनुपर्ने अधिकार रहनेछ र आफू विरुद्ध बयान दिन बाध्य पारिने छैन ।

४. उनीहरू विरुद्ध पेश गरिएका कुनैपनि प्रमाणहरूमाथि आरोपित व्यक्तिहरूको पूर्ण पहुँच रहने छ, उनीहरू विरुद्ध पेश हुने साक्षीहरूको जाँच गर्ने, आफ्नो पक्षमा सबुत प्रमाण पक्षमा साक्षीहरू उपस्थित गराउन वा जाँच गर्ने अधिकार रहनेछ ।

५. आरोपित व्यक्तिले आँफूले छनौट गरेको वकिल सहित उपस्थित हुन पाउने अधिकार छ, र यसका लागि पैसा तिर्न सक्ने अवस्था नभएमा र न्यायिक कारवाही टुट्ला भन्ने लागेमा खण्डमा राज्यले खर्च व्यहोर्ने गरी कानूनी प्रतिनिधि सहित उपस्थित गराउन सक्ने अधिकार रहनेछ ।

६. पहिलो अदालतले गरेको कुनै आदेश वा निर्णय विरुद्ध सक्षम अदालतमा पूनरावेदन गर्न पाउने अधिकार सबैलाई रहनेछ ।

७..अदालती कारवाहीको भाषा नबुभ्ने भएमा उनीहरूले राज्यको खर्चमा अनुवादकको सहयोगको माग गर्न पाउने अधिकार रहनेछ ।

**धारा २१**

**कारागारमा थुनिएका व्यक्ति वा अभियुक्तको हक**

१. कुनै अभियोगमा सजाय पाएर हिरासत वा कारागारमा परेका सबै व्यक्तिको मानव मर्यादाको सम्मान गर्दै उपचारको हक खोज्न पाउने अधिकार हुनेछ ।

२. सबैलाई जीवनसाथी, आफन्त, साथी, धार्मिक परामर्शदाता, चिकित्सक तथा आफ्ना कानुनी सल्लाहकारसँग कुराकानी गर्ने तथा भेट्ने अवसर हुनेछ ।

**धारा २२**

**फौज्दारी कानुनको पश्चातदर्शीता**

१. अपराध हुँदाको वखत विद्यमान कानुन बमोजिम फौज्दारी अपराधको रूपमा नलिइएको कुनै अपराधका लागि कसैलाई दोषी मानिने छैन । कुनै व्यक्तिलाई फौज्दारी अपराध हुँदाको समयमा लगाइने भन्दा बढी जरिवाना लगाइनेछैन ।

२. यो धाराको उपधारा १ का प्रावधानहरू वाहेक अपराध घटेपछि जारी भएका कानुनहरू, दोषीका लागि उपयुक्त भएसम्म, अघि वा पछि कार्यान्वयन हुनेछैन ।

## धारा २३

## दोहोरो खतराको निषेध

फौज्दारी कानुन तथा विधि अनुरूप अभियुक्त ठहरिसकेको तथा सफाई पाइसकेको कुनै व्यक्तिलाई एउटै अपराधको निम्ति पुनः अदालती कारवाहीका लागि प्रस्तुत गरिनेछैन ।

## धारा २४

## मानव मर्यादा तथा प्रतिष्ठाको अधिकार

१. हरेका व्यक्तिको मानव मर्यादा, इज्जत र प्रतिष्ठाको अधिकार रहनेछ ।

२. हरेक व्यक्तिको अन्य नागरीक सरह स्वतन्त्रतापुर्वक व्यक्तित्व विकास गर्ने अधिकार रहनेछ ।

३. हरेकको जहाँपनि व्यक्तिको मान्यताको अधिकार रहनेछ ।

## धारा २५

## समानताको हक

कानुनको दृष्टिमा सबै व्यक्ति समान हुनेछन् र भेदभाव रहित समान संरक्षणको हकदार रहनेछन् । जाती, राज्य, राष्ट्रियता, रंग, लिंग, भाषा, धर्म, राजनीति वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै पनि आधारमा विभेद नहुनेगरी सबै व्यक्तिहरू कानुनको समान तथा उचित प्रत्याभूतिको हकदार रहनेछन् ।

## धारा २६

## गोपनियताको हक

१. हरेक व्यक्तिको गोपनियताको हक हुनेछ । कुनै व्यक्तिको घर, व्यक्ति वा सम्पत्ति, वा उसँग भएको अन्य सम्पत्तिको छानविन गर्ने वाहेकको अवस्थामा यो हक लागू हुनेछ ।

२. हरेक व्यक्तिसँग चिठीपत्र, टेलिफोन, दुरसञ्चार र विद्युतीय उपकरणहरू प्रयोग गर्ने सञ्चारसम्बन्धित र नोट गर्ने तथा बोलचालगर्ने जस्ता अनतिक्रम्य हकहरू हुनेछन् ।

३. सार्वजनिक अधिकारीले ती हकको सम्मान र संरक्षण गर्नेछन् । कुनै वाध्यात्मक अवस्था वा राष्ट्रिय सुरक्षा वा सार्वजनिक शान्ति सुरक्षाका लागि, अपराधहरूको रोकथाम तथा स्वास्थ्य, सार्वजनिक नैतिकता तथा अन्य व्यक्तिको अधिकार तथा स्वतन्त्रताको संरक्षणका लागि जारी गरिएका निर्धारित कानुनहरू वाहेक यी अधिकारहरू उपभोग गर्न कुनै प्रतिवन्ध लगाइने छैन ।

### धारा २७

### धार्मिक, विश्वास र  विचारको स्वतन्त्रता

१. हरेक व्यक्तिलाई विश्वाश, विचार र धर्मको स्वतन्त्रता हुनेछ । एउटा धर्म वा आफ्नो रोजाइको विश्वास, र व्यक्तिगत तथा अन्यसँगको सामुदायिक स्वतन्त्रता, र सार्वजनिक तथा निजी पूजा, व्यवहार वा शिक्षामा उसको धर्म वा विश्वास दर्शने लगायतका स्वतन्त्रतालाई यो हकले सम्बोधन गर्नेछ ।

२. धारा ९० को उपधारा २ को व्यवस्थासँग पूर्वाग्रह नराखी, धर्मगुरुहरूले उनीहरूको धर्मलाई प्रचार गर्न तथा व्यवस्थित गर्न धार्मिक शिक्षा तथा प्रशासन जस्ता संस्थाहरू खडा गर्न सक्नेछन् ।

३. कुनै व्यक्तिले आफ्नो रोजाइको विश्वास धारण गर्ने स्वतन्त्रतामा अवरोध पुऱ्याउने बाध्यकारी वा अन्य कुनै अवस्थामा रहनुपर्ने छैन ।

४. बाबुआमा तथा कानुनी अभिभावकसँग आफ्ना वालवालिकालाई आफ्नो विचारधारामा धार्मिक तथा नैतिक शिक्षाको सुनिश्चितता गर्दै हुर्काउने अधिकार रहनेछ ।

५. सार्वजनिक सुरक्षा, शान्ति, स्वास्थ्य, शिक्षा, सार्वजनिक नैतिकता तथा अन्य व्यक्तिको आधारभूत अधिकार तथा स्वतन्त्रता लगायत राज्यको धार्मिक स्वतन्त्रताको सुनिश्चितता गर्न कानुनद्वारा तोकिएको मान्यताले मात्र कसैको धर्म र विश्वास अभिव्यक्त गर्ने स्वतन्त्रतालाई सीमित गर्न सक्नेछ ।

### धारा २८

### मानवता विरुद्धको अपराध

१. इथियोपियाले अनुमोदन गरेका अन्तराष्ट्रिय सम्झौताहरूले परिभाषित गरेको वा अन्य इथियोपेली कानुनले परिभाषित गरेका मानवता विरुद्धका अपराधः- जस्तै आमविनाश, घटनास्थलमै हत्या, जवर्जस्तीी वेपत्ता पार्ने वा यातनालाई संविधानले मानवता विरुद्धको अपराध मान्न सीमित वा प्रतिवन्ध लगाउनेछैन । यस्ता अपराधमा राज्यको विधान तथा अन्य कुनै अंगले आममाफी वा क्षमा दिने छैन ।

२. यो धाराको उपधारा-१ मा उल्लेखित कुनै अपराधमा दोषि ठहर भएर मृत्युदण्ड तोकिएको अभियुक्तलाई राष्ट्रप्रमुखले मथि उल्लेखित व्यवस्थाहरूमा कुनै पुर्वाग्रह नराखी आजीवन कारावासको सजायमा परिवर्तन गर्न सक्नेछन् ।

## भाग २: लोकतान्त्रिक अधिकार

### धारा २९

### विचार र अभिव्यक्तिको स्वतन्त्रता

१. हरेक व्यक्तिलाई कुनै हस्तक्षेपबिना स्वतन्त्रपूर्वक आफ्ना अभिव्यक्ति तथा विचार राख्ने अधिकार हुनेछ ।

२. हरेक व्यक्तिलाई विनारोकटोक विचार र अभिव्यक्तिको स्वतन्त्रता हुनेछ । यो अधिकारले सवै किसिमका सूचना तथा जानकारी, कुनै निश्चित क्षेत्रमा मात्र  सीमित नभई मैखिक रूपमा वा लिखित रूपमा वा कुनै कलाको माध्यमबाट वा निजले छानेको कुनै संचार माध्यममार्फत कुनै सूचना माग गर्ने, प्राप्त गर्ने तथा वितरण गर्ने अधिकारसमेतलाई समेट्नेछ ।

३. प्रेस तथा आमसञ्चार र रचनात्मक काम तथा कुनै पनि किसिमको कला संम्वन्धी अधिकारलाई ग्यारेन्टी गरिएकोछ । प्रेस स्वतन्त्रता भन्नाले विषेशरूपले तलका तत्वहरूलाई समेट्नेछ :

(क) कुनै किसिमको प्रतिवन्धबाट निषेध,

(ख) सार्वजनिक सरोकारका विषयमा सूचनाको पहुँच,

४. लोकतान्त्रिक पद्धतिको महत्वपूर्ण अंगकोरूपमा रहेको सूचना, विचार तथा अभिव्यक्तिको प्रवाहलाई प्रेसले संस्थागत हैसियतमा आफ्नो कामकारवाही तथा फरक फरक अभिमतहरूको सम्मान तथा रक्षाको कानुनी सुरक्षा प्राप्त गर्नेछ ।

५. राज्यद्धारा संचालित वा लगानी गरि स्थापना गरिएका कुनैपनि संचारमाध्यमहरूलाई अभिव्यक्ति विविधताको स्वतन्त्रता र सम्मान गर्ने गरि सञ्चालन गरिनेछ ।

६. यी अधिकारहरू त्यस्ता कानुनबाट मात्र सीमित गर्न सकिनेछन् जुन कानुनहरू उल्लेख गरिएको विषयवस्तु तथा त्यसबाट भएको प्रभाव वा पार्नसक्ने प्रभावमा आधारित भएर विचार तथा अभिव्यक्तिको स्वतन्त्रता सिमित गरिनुहुन्न भन्ने सिद्धान्तमा आधारित भएर निर्माण भएका हुन्छन् । युवाको हक हित तथा विकाशका लागि वा व्यक्तिको मान तथा सम्मानको रक्षाकालागि कानुनले विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको अधिकारको सिमा निर्धारण गर्न सक्नेछ । लडाईको प्रोपोगाण्डा साथ साथै मानवीय आत्मसम्मानका विरुद्धमा भएका कुनैपनि सूचनालाइ कानुनले निषेध गर्नसक्नेछ ।

७. कानुनले निर्धारण गरेको सीमावन्धन लाई अनादर गर्ने कुनै पनि नागरिकले कानुनद्धारा तोकिएको दायित्व वहन गर्नुपर्नेछ ।

## धारा ३०

## भेला हुने , प्रदर्शन गर्ने र याचनापत्र दर्ता गर्ने अधिकार

१. हरेक व्यक्तिलाई शान्तिपूर्वक तथा हातहतियारविना भेलाहुने, प्रदर्शन गर्ने तथा याचिका दर्तागर्ने अधिकार हुनेछ । लोकतान्त्रिक अधिकार तथा सार्वजनिक नैतिकता को संरक्षणका तथा शान्ति स्थापनाकोलागी नियम तर्जुमा गरि खुला ठाँउमा हुने बैठक तथा भेला, प्रदर्शन गरिने ठाँऊको निर्धारण गरिनेछ ।

२. तर यो अधिकारले कानुनले निर्धारण गरेका दायित्वहरू, जस्तो युवाको हक हितको संरक्षण वा व्यक्तिको सम्मानको संरक्षणकालागि कानुनद्धारा निर्धारित दायित्व तथा लडाँइको गलत प्रचारप्रसार विरुद्दमा बनेका कानुन तथा मानव जातिको मान मर्यादामा खलल पुर्‍याउने खालका कुनै अभिव्यक्तिलाई निरुत्साहन गर्ने दायित्वबाट छुटकारा दिने छैन ।

## धारा ३१

## संगठनको अधिकार

हरेक व्यक्तिलाई जुनसुकै प्रयोजनको लागि संगठन खोल्ने हुने अधिकार हुनेछ । संवैधानिक मर्यादाको खिलाफ वा कानुनको दुरूपयोग गरेर वा यस्ता कुरालाई उप्प्रेरण गर्ने उद्देश्यका संघसंस्थाहरूलाई निषेध गरिएकोछ ।

## धारा ३२

## आवतजावतको अधिकार

(१) कुनै इथोपियाली वा कानुनी रूपमा बसोबासको अधिकार प्राप्त कुनै परदेशी नागरिकलाई राष्ट्रिय सिमानाभित्र आवतजावतको स्वतन्त्रता हुनेछ । साथै देशभित्र जहाँसुकै आफ्नो वासस्थानको छनौट गर्ने अधिकार हुनेछ। त्यसैगरि यदि चाहेमा तत्काल देश छोड्नसक्ने अधिकार पनि हुनेछ ।

(२) हरेक इथियोपेली नागरिकलाई आफ्नो देश फिर्ता हुने अधिकार हुनेछ ।

## धारा ३३

## राष्ट्रियताको अधिकार

(१) कुनैपनि इथियोपेली नागरिकले आफ्नो इच्छाविपरीत इथियोपेली राष्ट्रियताबाट वञ्चित हुनुपर्नेछैन । विदेशी राष्ट्रियताको जुनसुकै लिंगसँग विवाह गरेकै आधारमा कसैको इथियोपेली नागरिकता गुम्नेछैन ।

(२) हरेक इथियोपेली नागरिकलाई कानुनले प्रदान गरेका सवै सुविधा तथा सहुलियतहरू भोग गर्ने अधिकार हुनेछ ।

(३) जुनसुकै राष्टियताको व्यक्तिलाई पनि इथियोपेली नागरिक वन्न सक्ने अधिकार हुनेछ ।

(४) विदेशीलाई इथियोपेली राष्टियता प्रदान गर्दा इथियोपियाले अनुमोदन गरेका अन्तराष्टिय संझौताहरूको आधारमा बनाइएका कानुन तथा कार्यविधिका आधारमा गरिनेछ ।

## धारा ३४

## बैवाहिक, व्यक्तिगत तथा पारिवारिक अधिकार

(१) कानुनले निर्धारण गरेबमोजिम उमेर पुगेका कुनै पनि महिला तथा पुरुषलाई जात जाति, राष्ट्रियता, राष्ट्र वा धर्म को आधारमा कुनै भेदभाव विना नै विवाह गर्ने तथा परिवार स्थापना गर्ने अधिकार हुनेछ । उनीहरूको विवाहको समयमा, वैवाहिक जीवन यापनको क्रममा र संवन्ध विच्छेद हुँदासमेत समान अधिकार हुनेछ । सम्वन्ध विच्छेदपछि वाल वच्चाको अधिकार संरक्षण गर्नकोलागि कानुनको निर्माण हुनेछ ।

(२) स्वतन्त्ररूपले मंजुरी भएमा मात्र श्रीमान र श्रीमतीबीच विवाह हुनसक्नेछ ।

(३) परिवार समाजको प्राकृतिक तथा मौलिक इकाई हो र यो राज्य तथा समाजबाट सुरक्षित हुनुपर्दछ ।

(४) बैबाहिक कानुनको व्यवस्था गर्दा समाजिक र धार्मिक तथा परम्परागतरूपमा गरिने विवाहलाई पनि मान्यता दिइनेछ ।

(५) पक्षहरूको सहमति भएमा प्रथा परम्परा तथा धार्मिक तवरले गरिएका विवाहहरूको संवन्धमा विवाद उठेमा अदालतमार्फत समाधान गर्न संविधानले कुनै वाधाअड्चन गर्नेछैन । यस सम्वन्धमा कानुनद्धारा विस्तृत व्यवस्था गरिनेछ ।

## धारा ३५

## महिला अधिकारहरू

(१) यस संविधानद्धारा प्रदत अधिकारको प्राप्तीमा महिलाहरूलाई पुरुष सरहको समान अधिकार हुनेछ ।

(२) विवाह गर्दा यस संविधानद्धारा तोकेबमोजिम महिलालाई पनि पुरुष सरह नै समान अधिकार हुनेछ ।

(३) महिलाहरू ऐतिहाँसिक रूपमा नै भेदभावको शिकार हुँदै आएको संदर्भमा यसबाट उन्मुक्ति पाउनको लागि महिलाहरूलाई केही विशेष अधिकार प्रदान गरिनेछ । यस्ता विशेषाधिकारको उदेश्य महिलाहरूलाई पनि राजनितिक, आर्थिक, समाजिक तथा सार्वजनिक र निजी जीवनमा पुरुष सरह नै सहभागी र प्रतिष्पर्धी बनाउनु हो ।

(४) महिलालाई अन्याय गर्ने घातक प्रथा तथा परम्परालाई उन्मुलन गर्नको लागि राज्यले महिलाका अधिकारलाई कार्यान्वयन गर्नेछ । महिलालाई शारीरिक तथा मानिसिकरूपले दवाउने वा हानी पुर्‍याउने कानुन तथा प्रथा परम्परा वा प्रचलनलाई निषेध गरिएकोछ ।

(५) (क) महिलाहरूलाई तलव सहितको सुत्केरी विदा लिने अधिकार हुनेछ । सुत्केरी विदाको अवधि कामको प्रकृति, आमाको स्वस्थ्य तथा वच्चा र परिवारको हितलाई ध्यानमा राखेर कानुनद्धारा निर्धारण गरेबमोजिम हुनेछ ।

(ख) सुत्केरी विदा कानुनमा निर्धारण गरेबमोजिम वच्चा जन्मनुभन्दा अघिको समयलाई समेत लिन सकिनेछ र यो तलवी हुनेछ ।

(६) महिलाहरूलाई राष्ट्रिय विकाश नितिको तर्जुमा गर्दा वा कुनै आयोजनाको निर्णय वा कार्यान्वयनमा खास गरेर महिला प्रभावित हुने आयोजनाको निर्णय गर्दा निर्णय प्रकृयामा सहभागी हुने अधिकार हुनेछ ।

(७) महिलालाई कुनै सम्पति प्राप्त गर्ने, संचालन गर्ने, भोग गर्ने, अधिनमा राख्ने, वा प्रयोग वा हस्तान्तरण गर्ने अधिकार हुनेछ । खास गरेर जग्गा जमिनको प्रयोग, हस्तान्तरण, संचालन र अधिन गर्दा महिलालाई पुरुष सरहको अधिकार हुनेछ ।

(८) रोजगारी, बढुवा, तलव भत्ता पेन्सन लगाएतका कुरामा महिलालाई समान अधिकार हुनेछ ।

(९) गर्भवती महिलालाई गर्भावस्थामा हुने खतरा वा वच्चाको स्वास्थ्यमा पर्ने असर तथा तिनीहरूको स्वाथ्यको रक्षाकोलागि महिलालाई परिवार नियोजन सम्वन्धि शिक्षा, सुचनामा पहुँचको अधिकार हुनेछ ।

## धारा ३६

## बालअधिकार

(१) हरेक वालवालिकालाई निम्नअनुसारको अधिकार रहनेछ :

क) जीवनको अधिकार

ख) नामराख्ने तथा राष्ट्रियताको अधिकार

ग) आफ्ना बावुआमा तथा कानुनी अभिभावकबाट हेरचाहको अधिकार

घ) शोषणयुक्त परम्पराहरू, तथा उनीहरूको स्वास्थ्य, शिक्षा र हितमा असर पर्नेखालका कुनैपनि खतराजन्य वा घातक कार्यबाट मुक्त हुने अधिकार,

ङ) शारीरिक सजाय र स्कुल तथा अन्य वालवालिकाको संरक्षणका लागि खोलिएका संस्थाहरूबाट हुनसक्ने क्रुर र अमानवीय व्यवहार बाट मुक्त हुने स्वन्त्रता,

(२) वालवालिकाका सम्वन्धमा सार्वजनिक तथा निजी संघ सँस्था, अदालत, प्रशाशकीय निकाय तथा कानुन निर्माण गर्ने निकायद्धारा लिईने वा गरिने सबै निर्णय तथा क्रियाकलापहरूमा वालवालिकाको सर्वोत्तम हितलाई सर्वोपरि ध्यान दिईनेछ ।

(३) सुधार गर्नका हेतुले सुधार गृह तथा वाल गृहमा राखिएका अपराधमा संलग्न वालवालिकाहरूलाई अन्य वयस्क अपराधि भन्दा अलग्गै राखिनु पर्दछ ।

(४) अविवाहित बावुआमाबाट जन्मेका सन्तान र विवाहित बावुआमाबाट जन्मेका वालवालिकाबीच समान अधिकार हुनेछ ।

(५) राज्यले टुहुरा वालवालिकाको संन्दर्भमा विशेष व्यवस्था गर्नेछ भने उनीहरूलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा जिम्मा लगाउन र तिनीहरूको स्वास्थ शिक्षा जस्ता कुराको व्यवस्थापन गर्न निकायहरूको स्थापना गर्नेछ ।

## धारा ३७

## न्यायमा पहुँचको अधिकार

(१) हरेक व्यक्तिलाई न्याय पाउने कुराहरूकोसंवन्धमा  अदालत वा अन्य न्यायीक क्षेत्राधिकार भएको अधिकारी समक्ष विषयवस्तु प्रस्तुत गर्न र  त्यसउपर निर्णय वा फैसला पाउने अधिकार हुनेछ ।

(२) यस धाराको उपधारा (१) मा उल्लेखित विषयलाई अदालत वा न्यायीक निकाय समक्ष ल्याउनकोलागि निम्न उल्लेखित व्यक्ति, संस्था वा प्रतिनिधिहरूले पनि ल्याउन सक्नेछन् ।

(क) सामुहिक वा व्यक्तिगत हित तथा स्वार्थलाई प्रतिनिधित्व गरेर कुनै सघं वा यसका सदस्यहरू

(ख) समान स्वार्थ भएका कुनै समुह वा त्यसको प्रतिनिधि

## धारा ३८

## निर्वाचनमा भोटहाल्ने तथा निर्वाचित हुने अधिकार

(१) हरेक इथियोपेली नागरिकलाई जातजाति, रंग, राष्ट्रियता, राष्ट्र, लिंग, भाषा, धर्म, राजनितिक आवद्धता वा अन्य कुनै विचार का आधारमा भेदभाव बिना निम्नानुसारको अधिकार हुनेछ :

(क) राज्यका संयन्त्रमा प्रत्यक्ष वा प्रतिनिधिको माध्यमबाट भागलिने अधिकार

(ख) १८ वर्ष उमेर पुगेकाले कानुन अनुसार मतदान गर्न पाउने अधिकार

(ग) सरकारका कुनैपनि तहमा निर्वाचित हुन सामयिक निर्वाचनहरूमा मतदान गर्न वा  निर्वाचित हुन निवार्चनको विश्वव्यापी मान्यता अनुसार मतदाताको अभिव्यक्तिको स्वतन्त्रतालाई सम्मान गर्ने गोप्य मतदानद्वारा मतदान गर्ने वा निर्वाचित हुने अधिकार ।

(२) हरेकको आफ्नो इच्छा अनुसार आफूले रोजेको राजनैतिक संगठन, मजदुर संगठन, व्यापारिक संगठन , कर्मचारी वा व्यवसायीक संगठनमा सदस्य बन्न पाउने अधिकार हुनेछ  । यदी सदस्य बन्न सो संगठनको कुनै सामान्य वा विशेष प्रकृतिको योग्यता तोकिएको छ भने त्यसलाई सम्मान गरिनेछ ।

(३) यस धाराको उपधारा (२) अन्तर्गत उल्लेखित संगठनहरूमा पदीय दायित्व वहन गर्ने पदाधिकारीहरूको निर्वाचन गर्दा स्वतन्त्र र लोकतान्त्रिक विधि अनुरूप गरिनेछ ।

(४) यस धाराको उपधारा (२) र (३)को व्यववस्था सार्वजनिक सरोकार भएका प्रत्येक संघसंस्थाहरूको हकमा लागु हुनेछ ।

## धारा ३९

## राष्ट्र, जातिहरू तथा जनताहरू सम्वन्धी अधिकार

(१) इथियोपियाभित्रका हरेक राज्य, जातिहरू र जनताहरूलाई पृथक हुन पाउने सहितको निःशर्त आत्म निर्णयको अधिकार हुनेछ ।

(२) इथियोपिया अर्न्तगतका हरेक राज्य, जातिहरू तथा जनताहरूलाई आफ्नो भाषामा बोल्ने, लेख्ने तथा भाषाको विकाश गर्ने, तथा संस्कृतिको प्रवर्द्धन गर्ने अधिकार हुनेछ ।

(३) इथियोपिया अर्न्तगतका हरेक राज्य, जातिहरू तथा जनताहरूलाई आफ्नो क्षेत्रमा सरकारका निकायहरू गठन गर्न र न्यायोचित तवरले राज्य र केन्द्रीय सरकारहरूमा पूर्णरूपमा सहभागि हुने अधिकार हुनेछ ।

(४) हरेक राज्य, जातिहरू तथा जनताहरूलाई निम्नानुसार पृथक हुन पाउने सहितको आत्म निर्णयको अधिकार हुनेछ :

(क) सम्वन्धित राष्ट्र, जातिहरू तथा जनताहरूको विधान परिषदको दुई तिहाई सदस्यहरूले पृथक हुने मागलाई अनुमोदन गरेमा,

(ख) राज्य परिषदले पृथक हुने निर्णय गरेको तीन बर्षभित्र केन्द्रीय सरकारले गर्नैपर्ने जनमतसंग्रह भएमा ।

(ग) जनमतसंग्रह गर्दा वहुमतले पृथक हुने पक्षमा अभिमत दिएमा,

(घ) यदी केन्द्रीय सरकारले पृथकताको माग राखेको राज्य, जातिहरू र जनताहरूको परिषदलाई शक्ति हस्तान्तरण गरेमा र

(ङ) कानुनले तोकेअनुसार सम्पतिको बाँडफाँड गरिएमा

(५) यस संविधानको प्रयोजनका लागि राज्य, जातिहरू तथा जनताहरू भन्नाले ठूलो संख्यामा एउटै संस्कृति, वा प्रथा परम्पराको अवलम्वन गर्दै आएका, एउटै खालको भाषा भएका, साझा कुरामा विश्वाश गर्ने, उस्तै उस्तै विचार भएका, र सँगसँगै जोडिएका भूभागमा बसोवास भएका मानिसहरूलाई बुझ्नुपर्नेछ ।

## धारा ४०

## सम्पति सम्वन्धि अधिकार

(१) हरेक इथियोपेली नागरिकलाई सम्पतिको स्वामित्वको अधिकार हुनेछ । सार्वजनिक हितकोलागि कानुनले अन्यथा व्यवस्था गरेको बाहेक यो अधिकारले अन्य व्यक्ति विरुद्ध सम्पतिको प्राप्ति, प्रयोग, तथा दानदातव्य वा हस्तान्तरण वा आफूले इच्छाएअनुसार सम्पतिको उपयोग गर्नसक्ने अधिकारलाई जनाउनेछ ।

(२) व्यक्तिगत सम्पति : यो धाराको प्रयोजनकालागि सम्पति भन्नाले श्रम तथा रचनात्मक प्रकृयाबाट उत्पादन गरिएको वा कुनै संस्था वा प्राकृतिक वा कानुनी व्यक्तिको कुनै दृष्य वा अदृष्य उत्पादन वा खास आवस्थामा कानुनद्धारा कुनै समुदायको उत्थानकोलागि निर्धारण गरिएको साझा सम्पति मान्नुपर्ने हुन्छ ।

(३) दूर्गम क्षेत्रको जग्गा जमिन तथा प्राकृतिक श्रोतमाथिको स्वामित्व इथियोपेली जनता तथा राष्ट्रमा रहनेछ । जमिन राज्य, जातिहरू तथा जनताहरूको साझा सम्पति हो । यो कुनै पनि आधारमा अन्य देशलाई वेच्न वा अन्य कुनै हिसाबमा प्रयोग गरिनुहुन्न ।

(४) इथियोपेली किसानले कुनै शुल्क विनानै जमिन प्राप्त गर्नेछन् भने उनीहरूलाई जमिनबाट जवरजस्ती निकाला गरिनेछैन । यस धाराको कार्यान्वयन कानुनले तोकेबमोजिम हुनेछ ।

(५) गाई तथा भेडा चराई जीविका गर्ने इथियोपेली किसानहरूलाई स्वतन्त्रपूर्वक चरन तथा खेतीको तथा आफ्नो स्थानबाट विस्थापन हुनु नपर्ने अधिकार हुनेछ । यसको कार्यान्वयन कानुनद्धारा गरिनेछ ।

(६) इथियोपेली राज्यहरू, जातिहरू तथा जनताहरूको स्वमित्वलाई असर नपुऱ्याउनेगरि सरकारले कानुनले निर्धारण गरे अनुसारको भुक्तानीको व्यवस्थापन गरि निजी लगानीकर्तालाई भूमिको प्रयोग गर्ने अधिकार निर्धारण गर्नेछ ।

(७) हरेक इथियोपेलीलाई निजको आफ्नो अचल सम्पति वा अचल संपतिमा श्रम तथा पूँजीको प्रयोग गरि कुनै वदली वा स्थायी परिवर्तन गर्न पूर्ण अधिकार हुनेछ । यो अधिकारले सम्पति छुट्याउनु, छोड्नु, प्रयोगको अधिकार समाप्त हुदाँ सम्पतिलाई अन्त्य गर्नु, स्वामित्व हस्तान्तरण गर्नु, वा क्षतिपूर्तिको दावी गर्नु आदि बुझाउनेछ । यसबारेमा विस्तृत व्यवस्था कानुनले निर्धारण गरेबमोजिम हुनेछ ।

(८) सार्वजनिक उदेश्यकालागि व्यक्तिगत सम्पतिलाई असर नपुऱ्याउने गरि सम्पतिको मुल्यको हिसाव गरि अग्रिम क्षतिपूर्तिको निर्धारण गरेर सरकारले व्यक्तिगत सम्पति जफत गर्न सक्नेछ ।

## धारा ४१

## आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार

(१) हरेक इथियोपेली नागरिकलाई आफ्नो इच्छानुसार जिविका सञ्चालन गर्नकोलागि राज्यको सीमा भित्र स्वतन्त्रपूर्वक आर्थिक क्रियाकलापमा संलग्न हुने अधिकार हुनेछ ।

(२) हरेक इथियोपेली नागरिकलाई आफ्नो इच्छाको जीविकार्जन गर्ने तथा पेशा व्यवसाय छनौट गर्ने अधिकार हुनेछ ।

(३) हरेक इथियोपेलीलाई सरकारी तथा सामाजिक सेवामा समान पहुँचको अधिकार हुनेछ ।

(४) श्रोतको बृद्धि गर्दै सार्वजनिक स्वास्थ्य, शिक्षा तथा अन्य सार्वजनिक सेवाहरूमा प्रदान गर्नु राज्यको दायित्व हुनेछ ।

(५) राज्यले उपलव्ध भएअनुसार शारीरिक तथा मानसिकरूपले कमजोर वा वृद्ध-वृद्धा, तथा बावुआमा वा अभिभावक नभएका वालवालिकाहरूलाई पुनर्स्थापना गर्ने तथा अन्य सहयोग गर्नेछ ।

(६) राज्यले कामको अवसर जुटाई वेरोजगारीको समस्या समाधान गर्न, गरिव विपन्नवर्गका जनताहरूको सहयोगको लागि तथा सरकारी परियोजनाको निर्माण गर्न आवश्यक नीति निर्माण गर्नेछ ।

(७) उपलव्धिमुलक रूपमा रोजगारको अभिवृद्धि गर्न राज्यले सबै किसिमका उपायहरूको अवलम्वन गर्नेछ ।

(८) इथियोपेली किसान तथा भेडा वा गाईगोठालाहरूले आफ्नो उत्पादनको उचित मुल्य पाउनेछन् जसले उनीहरूको जीवनस्तर उकास्न र उनीहरूले पनि राज्यको श्रोतमा योगदान पुऱ्याउने आधार वन्नेछ । यस उदेश्यले राज्यलाई आर्थिक, सामाजिक तथा विकासका नीति बनाउन सहायता गर्नेछ ।

(९) राज्यले ऐतिहाँसिक तथा साँस्कृतिक मुल्य र मान्यता भएका वस्तुलाई सुरक्षा तथा संवर्द्धन गर्नेछ । त्यसैगरि कला तथा खेलकुदको विकाशमा पनि योगदान गर्नेछ ।

## धारा ४२

## मजदुरका अधिकार

(१) (क) कलकारखानाका मजदुर, किसान, सेवा क्षेत्रका मजदुर, कृषि मजदुर , अन्य दुर्गममा काम गर्ने मजदुरहरू तथा निश्चित तहको दायित्व भन्दा तल्लो तहका तथा कामको प्रकृतिको हिसावले अनुकुल हुने सरकारी कर्मचारीहरलाई उनीहरूको आर्थिक तथा रोजगारी हितको लागि संघ खोल्ने अधिकार हुनेछ । यस अधिकारले उनीहरूले ट्रड यूनियन लगायत अन्य संघसंस्था खोल्ने अधिकार तथा आफ्नो हित गाँसिएका पक्षसँग सामुहिक सौदावाजी गर्ने अधिकारलाई समेत समेट्नेछ ।

(ख) यो उपधाराको (क)मा उल्लेखित व्यक्तिहरूलाई आफ्नो माग दावी प्रस्तुत गर्ने तथा हड्तालमा जाने अधिकारलाई लाई समेत प्रयोग गर्न सक्नेछन् ।

(ग) यस उपधाराको (क) तथा (ख)मा उल्लेखित सरकारी कर्मचारीको हकमा कानुनद्धारा निर्धारण गरेबमोजिम हुनेछ ।

(घ) महिला कर्मचारीलाई समान कामको लागि समान ज्याला दिईनेछ ।

(२) कामदारहरूलाई उचित काम गर्ने अवधि निर्धारण गरिएकोछ र यसका साथै कार्यालय समयमा आरामको व्यवस्था, आधा छुट्टी तथा तलवी विदा को सुविधा, सार्वजनिक विदाको दिन पारिश्रमिको व्यवस्था र काम गर्ने स्थानमा स्वस्थ्य र सुरक्षाको वातावरण व्यवस्था हुनेछ ।

(३) यो धाराको उपधारा (१) मा उल्लेखित व्यवस्थालाई हानी नपुऱ्याईकन, यी अधिकारहरूको कार्यान्वयनका लागि बनेका कानुनहरूले ट्रेड युनियनको स्थापना, तथा सामुहिक सौदावाजिको प्रकृया र कार्यविधि निर्धारण गर्नेछन् ।

## धारा ४३

## विकासको अधिकार

(१) समग्र इथियोपेली जनता, र प्रत्येक राज्य, राष्ट्रियता र खासगरेर इथियोपियन जनताहरूलाई आफ्नो जीवनस्तर सुधार्ने तथा दीगो विकाशको अधिकार हुनेछ ।

(२) राज्यका जनतालाई राष्ट्रिय विकासको कार्यक्रममा सहभागी हुने अधिकार हुनेछ, विशेष गरेर कुनै समुदाय विकासको कार्यक्रमबाट प्रभावित छन् भने उनीहरूलाई निर्णय प्रकृयामा सहभागि गराइनेछ ।

(३) राज्यद्धारा गरिएका सबै अन्तराष्ट्रिय सम्झौता र सम्वन्धहरूले दीगो विकासको अधिकारलाई ग्यारेन्टी गर्नेछन् ।

(४) विकासको कार्यक्रमको आधारभूत लक्ष विकासका लागि नागरिकको क्षमता अभिवृद्धि गर्नु तथा उनीहरूका आधारभूत आवश्यकताको परिपूर्ति गर्नु हुनेछ ।

## धारा ४४

## वातावरणको अधिकार

(१) सवै व्यक्तिलाई सफा र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार हुनेछ ।

(२) राज्यको कार्यक्रमबाट विस्थापित भएका वा जनजीविकामा असर परेका सवै मानिसले उचित रकमको क्षतिपूर्ति वा क्षतिपूर्तिको वैकल्पिक माध्यम, जस्तै राज्यको यथेष्ठ सहयोगसहित पुनर्स्थापनालगायतका अधिकार हुनेछ ।

# परिच्छेद चार
# राज्यको संरचना

### धारा ४५
### सरकारको स्वरूप

संघिय लोकतान्त्रिक गणतन्त्र इथियोपियामा  संसदीय पद्धतिमा आधारित सरकार रहनेछ।

### धारा ४६
### संघियराज्य अन्तर्गत राज्यहरू

(१) संघिय लोकतान्त्रिक गणतन्त्र अन्तर्गत अन्य गणराज्यहरू हुनेछन्।

(२) वसोवासको अवस्था, भाषा तथा पहिचान र संवन्धित जनताहरूको सहमतिमा आधारित भएर राज्यहरूको विभाजन गरिनेछ।

### धारा ४७
### संघियराज्य अन्तर्गतका सदस्य राज्यहरू

(१) संघिय लोकतान्त्रिक गणतन्त्रअन्तर्गत निम्नअनुसारका गणराज्यहरू हुनेछन् :

१) टिगारी राज्य

२) अफार राज्य

३) अमारा राज्य

४) ओरोमिया राज्य

५) सोमालिया राज्य

६) वेन्सान्गुल राज्य ( गुमुज)

७) दक्षिण राष्ट्रअन्तर्गतका राज्यहरू, जातिहरू तथा जनताहरू

८) गाम्मेला जनता राज्य

९) हरारी जनताको राज्य

(२) यो धाराको उपधारा (१)मा उल्लेख गरिएका राज्यहरू, जातिहरू र जनताहरूलाई जुनसुकै समयमा तिनीहरूको अलग्गै राज्य (संघीय एकाइ) स्थापना गर्ने अधिकार हुनेछ।

(३) उपधारा (२) मा उल्लेखित अलग्गै राज्यको स्थापना गर्नको लागि तल उल्लेखित प्रकृयाहरूको अवलम्वन गरिनेछ :

क) सम्वन्धित राज्य वा जाति वा जन परिषदको दुई तिहाई बहुमतले अलग्गै राज्यको स्थापना गर्ने कुरालाई अनुमोदन गरेको खण्डमा र राज्य परिषदमा सो माग लिखितरूपमा प्रश्तुत गरिएको भएमा,

ख) राज्य, राष्ट्रियता तथा जनताद्धारा अलग्गै राज्यको मागसहितको माग प्रस्तुत भएपछि परिषदले एकवर्ष भित्र जनमतसंग्रह गरेमा,

ग) अलग राज्यको माग जनमतसंग्रहमार्फत् बहुमत जनताले समर्थन गरेको भएमा,

घ) राज्य परिषदले राज्य, जातिहरू तथा जनताहरूको मागअनुसार आफ्नो अधिकार राज्यमा हस्तान्तरण गरेको भएमा,

ङ) जनमतसंग्रहमार्फत् स्थापना भएको राज्य संघिय लोकतान्त्रिक गणतन्त्र इथियोपियाको स्वत सदस्य हुनेछ । यसका लागि छुट्टै निवेदन दिनुपर्ने आवश्यकता पर्ने छैन ।

(४) संघिय लोकतान्त्रिक गणतन्त्र इथियोपियाअन्तर्गतका राज्यहरू सवैको समान अधिकार हुनेछ ।

## धारा ४८

## राज्यका सीमा परिवर्तन

(१) राज्यका सवै सीमा विवादहरू सम्वन्धित राज्यसँग भएका संभ्फौताका आधारमा समाधान गरिनेछन् । यदी संवन्धित राज्यहरू संभ्फौतामा पुग्न असफल भएमा संवन्धित जनताको इच्छा र समाधानको प्रचलन हेरेर हाउस अफ द फेडेरेशनले विवादको समाधान गर्नेछ ।

(२) उपधारा (१) अन्तर्गत प्रस्तुत भएको विवाद हाउस अफ फेडेरेशनले दुइवर्ष भित्र समाधान गरिसक्नेछ ।

## धारा ४९

## देशको राजधानी शहर

(१) आदिसअवावा संघिय राज्यको राजधानी हुनेछ ।

(२) आदिसवावाका जनताहरूलाई पूर्ण स्वशाशन हुनेछ । यस सम्वन्धमा विस्तृत व्यवस्था कानुनले निर्धारण गर्नेछ ।

(३) आदिसअवावाको प्रशाशन केन्द्रिय सरकारसँग उत्तरदायी हुनेछ ।

(४) यो संविधानको व्यवस्थाअनुसार आदिसअवावाका जनताहरू संसद वा हाउस अफ रिप्रिजेटेटिभमा प्रतिनिधित्व गर्नेछन् ।

(५) ओरोमिया राज्यको आदिसअवावासँगको समाजिक सेवा तथा प्राकृतिक श्रोत र साधनको प्रयोग संवन्धि र अरु यस्तै विषयवस्तुका साथै ओरोमीया राज्यमा आदिसअवावको संयुक्त प्रशासनिक कुराहरूलाई सम्मान गरिनेछ र यस विषयमा विस्तृत कुरा कानुनद्धारा व्यवस्था गरेबमोजिम हुनेछ ।

# परिच्छेद पाँच

# अधिकारका स्वरूप तथा विभाजन

### धारा ५०

### राज्यका अंगहरूको स्वरूप

१. संघीय लोकतान्त्रिक गणतन्त्र इथियोपियामा संघीय सरकार र सदस्य राज्यहरू हुनेछन् ।

२. संघीय सरकार तथा राज्यहरूसँग व्यवस्थापकीय, कार्यकारिणी र न्यायिक अधिकार हुनेछ ।

३. जनप्रतिनिधिसभा संघीय सरकारको सबैभन्दा उच्च आधिकारिक निकाय हुनेछ । सदन जनताप्रति उत्तरदायी रहनेछ । राज्य अधिकारीको सबैभन्दा उच्च निकाय राज्य परिषद हुनेछ । यो राज्यका जनताप्रति उत्तरदायी रहनेछ ।

४. राज्यमा राज्य सरकार र तिनीहरूको आवश्यकता अनुसार अन्य प्रशासनिक तहहरू स्थापना गरिनेछ । सरकारका तल्ला इकाइका प्रशासनमा जनतालाई प्रत्यक्ष रूपमा सहभागि हुनेगरी सक्षम बनाउन त्यस्ता निकायहरूलाई उचित अधिकार प्रदान गरिनेछ ।

५. राज्यको अधिकारक्षेत्र अन्तर्गत पर्ने विषयहरूमा कानुन बनाउने अधिकार राज्य परिषदलाई हुनेछ । यो संबिधानका प्रावधानहरूसँग मेल खाने गरी राज्यको संबिधान तर्जुमा गर्ने, अंगिकार गर्ने र शंसोधन गर्ने अधिकार परिषदलाई हुनेछ ।

६. कार्यकारिणी अधिकार भएका उच्च अंग मिलेर राज्य प्रशासन बन्नेछ ।

७. राज्यको न्यायिक अधिकार यस्का अदालतहरूमा निहित रहनेछ ।

८. यो संबिधानले संघीय र राज्य शक्तिहरूलाई परिभाषित गरेको छ । संघीय सरकारको अधिकारहरूलाई राज्यहरूले सम्मान गर्नेछन् । त्यसैगरी संघीय सरकारले राज्यका अधिकारको सम्मान गर्नेछन् ।

९. यो संविधानको धारा ५१ ले राज्यलाइ दिएको अधिकार तथा कार्यहरू आवश्यक पर्दा संघीय सरकारले राज्यहरूलाई प्रत्यायोजन गर्न सक्नेछ ।

### धारा ५१

### संघीय सरकारका अधिकार तथा कार्यहरू

१. संघीय सरकारले संविधानको रक्षा तथा संबिधानका तर्फबाट प्रतिवाद गर्न सक्नेछ ।

२. यसले समग्र आर्थिक, सामाजिक र विकासका सवालहरूमा मुलुकको नीति, रणनीति तथा योजनाहरूको तर्जुमा तथा कार्यान्वयन गर्नेछ ।

३. यसले जनस्वास्थ्य, शिक्षा, विज्ञान र प्रविधिका साथै सांस्कृतिक तथा ऐतिहासिक गाथाहरूको सुरक्षा तथा संरक्षणका लागि राष्ट्रिय स्तर तथा आधारभूत नीतिको मापदण्ड खडा तथा कार्यान्वयन गर्नेछ ।

४. संघीय सरकारले मुलुकको वाणिज्य, मौद्रिक तथा बैदेशिक लगानीको नीति तथा रणनीतिहरू तर्जुमा तथा कार्यान्वयन गर्नेछ ।

५. यसले जमिन तथा अन्य प्राकृतिक सम्पदाहरू, ऐतिहासिक स्थल र वस्तुहरूको उपयोग तथा संरक्षणका लागि कानुनहरू बनाउनेछ ।

६. संघीय सरकारले राष्ट्रको रक्षाका लागि संघीय प्रहरी बलका साथै सर्वसाधारणको सुरक्षाका लागि अन्य फौजहरू स्थापना तथा व्यवस्थापन गर्नेछ ।

७. यसले राष्ट्रिय बैंकको व्यवस्थापन, नगद छपाइ तथा सापटी, मुद्रा निष्कासन, वैदेशिक सटही र नगदको चल्तीलाई नियमन गर्नेछ, संघीय सरकारको कानुनबमोजिम राज्यले आन्तरिक स्रोतहरूबाट कानुन अन्तर्गत रहेर नगद सापटी लिने सम्वन्धमा शर्त तथा समय अवधि तोक्नेछ ।

८. यसले विदेश नीतिको तर्जुमा तथा कार्यान्वयन गर्नेछ । अन्तर्राष्ट्रिय सम्झौताहरू सम्बन्धमा वार्ता गर्ने र तिनलाई अनुमोदन गर्नेछ ।

९. यो हवाइ, रेल, जलमार्ग तथा सामुद्रिक यातायात र दुई वा बढी राज्यहरूका साथै हुलाक र दुरसंचार सेवा जोड्ने मुख्य सडकको विकास, प्रशासन र नियमनका लागि जिम्मेवार रहनेछ ।

१०. संघीय सरकारले सुरक्षित राखेको राजस्वका स्रोतहरूमा कर लगाउन तथा उठाउन सक्नेछ, यसले संघीय सरकारको बजेट प्रस्तुत गर्ने, अनुमोदन गर्ने तथा नियमन गर्न सक्नेछ ।

११. दुई वा सोभन्दा बढी राज्यहरू जोड्ने तथा राष्ट्रिय सीमांकित अधिकारक्षेत्रका सिमाहरू पार गर्ने पानी, नदी तथा तालहरूको उपयोगको निर्धारण तथा व्यवस्थापन गर्नेछ ।

१२. यसले अन्तर देशीय तथा वाह्य वाणिज्य क्षेत्रलाई नियमन गर्नेछ ।

१३. यसले दुई वा सो भन्दा बढी राज्यहरूमा सेवा प्रदान गर्ने संघले प्रायोजन गरेका संस्थाहरूको नियमन तथा विस्तार गर्नेछ ।

१४. यसले राज्य प्रशासनको अनुरोधमा राज्यले नियन्त्रण गर्न नसकेर संघसमक्ष अनुरोध गरेको स्थानमा खस्कदो शान्ति सुरक्षाको अवस्थालाई अधिनमा लिन संघीय रक्षा फौज खटाउन सक्नेछ ।

१५. यसले यो संविधानमा उल्लेखिन राजनीतिक अधिकारहरूलाई व्यवहारिक असर दिन राजनीतिक दलहरू र निर्वाचनलाई सञ्चालन गर्ने आवश्यक कानुनहरू जारी गर्नेछ ।

१६. योसँग राष्ट्रिय संकटकाल तथा मुलुकको निश्चित क्षेत्रमा सीमित संकटकालको घोषणा गर्ने तथा त्यसलाई हटाउने अधिकार छ ।

१७. यसले राष्ट्रियतासँग सम्बन्धित विषयहरू निर्धारण गर्नेछ ।

१८. यसले आप्रवास, राहदानी प्रदान गर्ने, मुलुक भित्रने तथा वाहिरने, शरणार्थी र सुरक्षा माग गर्नेसँग सम्बन्धित सबै विषय निर्धारण तथा नियमन गर्नेछ ।

१९. यसले आविष्कारहरूलाई सर्वाधिकार दिने र प्रतिलिपि अधिकारको सुरक्षा गर्नेछ ।

२०. यसले नापतौल र पात्रोमा एकरूपता कायम गर्नेछ ।

२१. यसले हतियार राख्ने तथा बोक्ने कार्यलाई व्यवस्थित गर्न कानुन बनाउनेछ ।

## धारा ५२

## राज्यका अधिकार तथा कामहरू

१. संघीय सरकारलाई मात्र भनेर उल्लेख नगरिएका तथा संघीय सरकार तथा राज्यहरूलाई एकसाथ नतोकिइएका सबै अधिकारहरू राज्यमा सुरक्षित रहनेछन् ।

२. यो धाराको उपधारा १ बमोजिम राज्यहरूसँग निम्न अधिकार तथा कार्यहरू हुनेछन्:

क. संघीय संविधानको रक्षा तथा प्रतिवादका लागि एउटा लोकतान्त्रिक प्रक्रियामा आधारित कानुनको शासन र आत्मनियन्त्रित-सरकारलाई अगाडि बढाउने एउटा राज्य प्रशासनको स्थापना गर्ने,

ख. राज्य संविधान तथा अन्य कानुनहरू बनाउने तथा जारी गर्ने ।

ग. राज्यका आर्थिक, सामाजिक र विकास नीति, रणनीति तथा योजनाहरू तर्जुमा र जारी गर्ने ।

घ. संघीय कानुनअनुसार जमिन तथा अन्य प्राकृतिक सम्पदाहरू व्यवस्थित गर्ने ।

ङ. राज्यमा सुरक्षित रहेको राजस्वका स्रोतहरूमाथि कर तथा दायित्वहरू लगाउने र असुल्ने तथा राज्य बजेट ल्याउने र सञ्चालन गर्ने ।

च. राज्य नागरिक सेवा र तीनका कामको अवस्था, सम्बन्धमा कानुन बनाउने र लागु गर्ने, यस जिम्मेवारी कार्यान्वयन गर्दा राज्यले, राष्ट्रिय मापदण्डको कुनै पनि काम, शिर्षक तथा पदका लागि आवश्यक शैक्षिक, तालिम तथा अनुभवको सुनिश्चितता गर्नेछ ।

छ. राज्यभित्रका सर्वसाधारणवीच मर्यादा तथा शान्ति कायम राख्न एउटा प्रहरी फौजको स्थापना र सञ्चालन गर्ने ।

# परिच्छेद छ

# संघीय सदनहरू

### धारा ५३

### संघीय सदनहरू

जनप्रतिनिधिसभा र संघीय सदन गरी दुईवटा संघीय सदनहरू हुनेछन् ।

## भाग १: जनप्रतिनिधिसभा

### धारा ५४

### जनप्रतिनिधिसभाका सदस्यहरू

१. मतदान गर्न पाउने विश्वव्यापी अधिकार तथा गोप्य मतदानद्वारा गरिएको प्रत्यक्ष, स्वतन्त्र र निश्पक्ष निर्वाचनको आधारमा पाँच वर्षको समयावधिका लागि जनताद्वारा जनप्रतिनिधिसभाका सदस्यहरू निर्वाचित गरिनेछ ।

२. प्रत्येक निवार्चन क्षेत्रमा खसेको मतको बहुलताका आधारमा उम्मेदवारहरूमध्येबाट सभाका सदस्यहरू निवार्चित हुनेछन् । अल्पसंख्यक जनजाति र जनताहरूको विशेष प्रतिनिधित्वका लागि कानुनले व्यवस्था गर्नेछ ।

३. जनसंख्या तथा अल्पसंख्यक जनजाति र जनताहरूका विशेष प्रतिनिधित्वका आधारमा सभाका सदस्यहरू ५५० भन्दा बढी हुनेछैनन्, जसमध्ये २० स्थान अल्पसंख्यक जनजाति र जनताहरूका लागि हुनेछ । त्यसको प्रावधान कानुनले व्यवस्था गर्नेछ ।

४. सभाका सदस्यहरू सम्पूर्ण इथियोपेली जनताका प्रतिनिधिहरू हुनेछन् ।

उनीहरू निम्नद्वारा शाषित हुनेछन्:

क. संविधान,

ख. जनादेश, र

ग. तिनीहरूको स्वविवेक ।

५. सदनमा खसालेको कुनै मत तथा राखेको कुनै विचारको आधारमा सदनका कुनै सदस्यमाथि अदालतमा कारवाही चलाइनेछैन, नत त्यसैको आधारमा कुनै सदस्यमाथि प्रशासनिक कारवाही गरिनेछ ।

६ं रंगेहात फेला परेको अपराधको मुद्दामा वाहेक सदनको अनुमति नलिई कुनै सदस्यलाई पक्राउ तथा कानुनी कारवाही गरिनेछैन ।

७. मतदाताहरूको विश्वास नगुमाएसम्म सदनको कुनै सदस्यले प्रतिनिधित्वको कार्यादेश गुमाउनेछैन ।

### धारा ५५

### जनप्रतिनिधिसभाका अधिकार तथा कार्यहरू

१. यो संबिधानले संघीय अधिकारक्षेत्रलाइ तोकेको सबै बिषयमा कानुन बनाउने अधिकार जनप्रतिनिधिसभालाई हुनेछ ।

२. यो धाराको उपधारा १ सँग सम्बन्धित रहेर जनप्रतिनिधिसभाले निम्न विषयहरूमा केन्द्रित कानुन बनाउनेछ ।

क. राष्ट्रिय भूमि अधिकारक्षेत्रका सीमाहरू पार गरेर वा दुई वा सो भन्दा बढी राज्यहरू जोड्ने जमिन तथा अन्य राष्ट्रिय सम्पदा, नदिनालाहरू र तालहरूको उपयोग,

ख. अन्तर-राज्य वाणिज्य तथा विदेश व्यापार,

ग. दुई वा बढी राज्यहरू, हुलाक तथा दुरसंचार सेवाहरू जोड्ने हवाइ, रेल, जल तथा सामुद्रिक यातायात, र मुख्य सडकहरू,

घ. संविधान तथा निर्वाचन कानुन तथा विधिहरूले स्थापना गरेका राजनीतिक अधिकारहरू लागु गर्ने,

ङ. राष्ट्रियता, आप्रवास, राहदानी, देशमा आगमन तथा परागमन, शरणार्थी तथा शरणको माग गर्ने अधिकार,

च. नापतौल तथा पात्रोको मापदण्डहरूमा एकरूपता,

छ. सर्वाधिकार तथा प्रतिलिपि अधिकारहरू,

ज. हतियार राख्ने तथा धारण गर्ने ।

३. यसले एउटा श्रम संहिता बनाउनेछ ।

४. यसले एउटा वाणिज्य संहिता बनाउनेछ ।

५. यसले एउटा दण्डविधान बनाउनेछ । तर संघीय दण्ड संहिताले स्पष्टरूपमा समेट्न नसकेका विषयहरूमा मात्र राज्यहरूले दण्ड कानुनहरू बनाउनेछन् ।

६. संघीय सदनले आवश्यक देखेको एउटा आर्थिक समुदायको स्थापना तथा स्थायित्वको लागि यसले देवानी कानुनहरू बनाउनेछ ।

७. यसले राष्ट्रिय रक्षा, सर्वसाधारणको सुरक्षा, र एउटा राष्ट्रिय प्रहरी बलको संगठन निर्धारण गर्नेछ । यी फौजहरूका आचरणले मानवाधिकार तथा राष्ट्रिय सुरक्षामा खलल पुऱ्याएमा यसले अनुसन्धान गर्ने र आवश्यक कदम चाल्नेछ ।

८. यस संबिधानको धारा ९३ को पालनाका लागि यसले संकटकालको घोषणा गर्नेछ, कार्यपालिकाले आदेश जारी गरेको संकटकालको घोषणामाथि विचार गर्ने तथा समाधान गर्न सक्नेछ ।

९. मन्त्रीपरिषदले प्रस्तुत गरेको कानुनको खाकाको आधारमा युद्धको अवस्था घोषणा गर्न सक्नेछ ।

१०. देशको वार्षिक तथा मौद्रिक नीति तथा आर्थिक, सामाजिक तथा विकासका सामान्य नीति र रणनीतिहरू अनुमोदन गर्न सक्नेछ । यसले स्थानीय मुद्रा, राष्ट्रिय बैंकको प्रशासन तथा बैदेशिक सटहीसँग सम्बन्धित कानुन बनाउन सक्नेछ ।

११ं यसले संघीय सरकारकहाँ आरक्षित राजस्व स्रोतहरूमा कर तथा दायित्वहरू लगाउन सक्नेछ । संघीय बजेट पारित गर्न सक्नेछ ।

१२. कार्यपालिका निष्कर्षमा पुगेका अन्तर्राष्ट्रिय सम्झौताहरू पारित गर्नेछ ।

१३. संघीय न्यायधिशहरू, मन्त्रीपरिषदका सदस्यहरू, आयुक्तहरू, महालेखा परिक्षक तथा कानुनद्वारा हुनुपर्ने छ र अनुमोदन गरिनुपर्ने नियुक्तिहरू अनुमोदन जनप्रतिनिधिसभाले गर्नेछ ।

१४. एउटा मानव अधिकार आयोग स्थापना गरेर त्यसका अधिकार तथा कार्यहरू कानुनबमोजिम निर्धारण गर्नेछ ।

१५. ओम्बुड्स्म्यान अथवा संबैधानिक तवरले मध्यस्थता गर्ने संस्था खडा गरेर त्यसका सदस्यहरूको चयन तथा नियुक्ति गर्नेछ । सो संस्थाको अधिकार तथा कार्यहरू कानुनले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. आफ्नो अधिकारक्षेत्रभित्र मानवअधिकार उल्लंघनकर्तालाई पक्रन राज्य अधिकारीहरू असक्षम भएमा यसले आफ्नै प्रयासमा संघीय तथा जनप्रतिनिधिसभाको संयुक्त बैठकलाई उचित कदम चाल्न आग्रह गर्नेछ । यसले दुबै सदनको संयुक्त निर्णयका आधारमा सम्बन्धित राज्य अधिकारीहरूलाई निर्देशन दिनेछ ।

१७. कार्यकारीहरूको आचरण तथा तिनीहरूले पुरा नगरेको दायित्वका सम्बन्धमा अनुसन्धानका लागि प्रधानमन्त्री तथा अन्य संघीय अधिकारीहरूलाई बोलाउने र प्रश्न सोध्ने अधिकार जनप्रतिनिधिसभासँग रहनेछ ।

१८. आफ्ना एक तिहाई सदस्यहरूले अनुरोध गरेमा जनप्रतिनिधिसभाले कार्यपालिकाका अधिकारसँग सम्बन्धित कुनै पनि विषयमा छलफल चलाउन सक्नेछ । त्यस्तो अवस्थामा आवश्यक देखिएका निर्णयहरू लिने तथा कदम चाल्ने अधिकार सभासँग रहनेछ ।

१९. सदनका सभामुख तथा उपसभामुखको चयन जनप्रतिनिधिसभाले गर्नेछ । आफ्नो कार्य सम्पादनका लागि यस्ले आवश्यकताअनुसार स्थायी तथा तदर्थ समितिहरू खडा गर्नेछ ।

## धारा ५६

## राजनीतिक अधिकार

जनप्रतिनिधिसभामा सबैभन्दा बढी स्थान हासिल गरेको एउटा राजनीतिक दल तथा राजनीतिक दलहरूको गठबन्धनले कार्यपालिका गठन गरेर त्यस्को नेतृत्व गर्नेछ ।

## धारा ५७

## कानुनको अंगिकार

छलफल पछि सदनले पारित गरेका कानुनहरू हस्ताक्षरका लागि राष्ट्रपतिकहाँ प्रस्तुत गरिनेछ । राष्ट्रपतिले आफुकहाँ प्रस्तुत गरिएको कानुनलाई पन्ध्र दिनभित्र हस्ताक्षर गर्नेछन् । पन्ध्र दिनभित्र पनि राष्ट्रपतिले हस्ताक्षर नगरे सो कानुन विना हस्ताक्षर लागु हुनेछ ।

## धारा ५८

## सदनका बैठकहरू, र समयावधि

१. आधाभन्दा बढी सदस्यहरूको उपस्थिति भए सदनको कोरम पुग्नेछ ।

२. सदनको वार्षिक बैठक इथियोपेली मेस्केरेम (सेप्टेम्वर) महिनाको अन्तिम साताको सोमवार शुरु हुनेछ र इथियोपेली सेने (जुन र जुलाइवीच) महिनाको तीसौ दिनमा सकिनेछ । वार्षिक बैठकका क्रममा बिश्रामको लागि एक महिनासम्म सदन स्थगित हुन सक्नेछ ।

३. जनप्रतिनिधिसभा पाँच वर्षको समयावधिका लागि निर्वाचित हुनेछ । सदनको समयावधि सकिनु एक महिना अघिनै नयाँ सदनका लागि निर्वाचन सम्पन्न गरिनेछ ।

४. विश्रामको समयमा सभामुखले सदनको बैठक डाक्न सक्नेछन् । आधाभन्दा बढी सदस्यहरूले अनुरोध गरेको खण्डमा पनि सभामुखले सदनको बैठक बोलाउनुपर्नेछ ।

५. सदनको बैठक सार्वजनिक हुनुपर्नेछ । तर कार्यपालिका तथा सदनका सदस्यहरूको अनुरोधमा आधा भन्दा बढी सदस्यहरूले सो निर्णयलाई समर्थन जनाएमा सदनले गोप्य बैठक सञ्चालन गर्न सक्नेछ ।

### धारा ५९

### सदनको कार्यविधिका निर्णय तथा नियमहरू

१. सदनका सबै निर्णयहरू, संबिधानमा अन्य व्यवस्था भएकोमा बाहेक, उपस्थित सदस्यहरूको बहुमत र निर्वाचनद्वारा हुनेछ ।

२. आफ्ना कार्य तथा कानुनी प्रक्रियाको व्यवस्था सम्बन्धमा सदनले नियम तथा कार्यविधिहरू बनाउन सक्नेछ ।

### धारा ६०

### सदनको विघटन

१. प्रधानमन्त्रीले सदनको सहमति लिएर समयावधि सकिनुअघिनै नयाँ निर्वाचनका लागि सदन विघटन गर्न सक्नेछन् ।

२. सदनमा बहुमत गुमाएर गठबन्धनको मन्त्रीमण्डल विघटन भएमा राष्ट्रपतिले एक हप्ताभित्र एउटा गठबन्धन सरकार बनाउनका लागि राजनीतिक दलहरूलाई आव्हान गर्न सक्नेछन् । विद्यमान गठबन्धनलाई निरन्तरता दिने सहमति राजनीतिक दलहरूले कायम राख्न नसकेमा वा नयाँ बहुमतीय गठबन्धन बनाउन नसकेमा सदन विघटन गरेर नयाँ निर्वाचन सम्पन्न गरिनेछ ।

३. यो धाराको उपधारा १ वा २ अनुसार सदन विघटन भएमा छ महिनाभित्र नयाँ चुनाव सम्पन्न गर्नुपर्नेछ ।

४. निर्वाचन सम्पन्न भएको तीस दिनभित्र नयाँ सदन सुचारु हुनेछ ।

५. सदन विघटनपछि, अघिल्लो सत्ताधारी गठबन्धनले कामचलाउ सरकारको रूपमा निरन्तरता दिनेछ । सरकारका दैनिक मामिलाहरू र नयाँ निर्वाचन गर्ने वाहेक सो सरकारले नयाँ घोषणा, नियम तथा आदेश लागु गर्न पाउनेछैन, न त विद्यमान कुनै कानुनको खारेजी वा शंशोधन गर्न सक्नेछ ।

## भाग दुईः संघीय सदन

### धारा ६१

### संघीय सदनका सदस्यहरू

१. संघीय सदन राज्य, जनजाति र जनताहरूका प्रतिनिधिहरूको सम्मिश्रण हो ।

२. संघीय सदनमा प्रत्येक राज्य, जनजाति तथा जनताबाट कम्तीमा एकजनाको प्रतिनिधित्व रहनेछ । प्रत्येक दश लाख जनसंख्यामध्येबाट प्रत्येक राज्य तथा जनजातिका थप एक प्रतिनिधि सदनमा रहनेछन् ।

३. राज्य परिषदहरूद्वारा संघीय सदनका सदस्यहरू निर्वाचित हुनेछन् । राज्य परिषदहरूले संघीय सदनका प्रतिनिधिहरू आफै निर्वाचित गर्न सक्नेछन् वा जनताद्वारा प्रत्यक्ष रूपमा प्रतिनिधि छान्नका लागि निर्वाचन गर्न सक्नेछन् ।

### धारा ६२

### संघीय सदनका अधिकार तथा कार्यहरू

१. संबिधानको व्याख्या गर्ने अधिकार सदनसँग हुनेछ ।

२. संबैधानिक जाँचबुझका लागि सदनले परिषदको व्यवस्था गर्न सक्नेछ ।

३. राज्य, जनजाति तथा जनताको अपसरण सहितको आत्मनिर्णयको अधिकारका विषयमा यस्ले संबिधानबमोजिम निर्णय लिन सक्नेछ ।

४ संविधानमा उल्लेखित, इथियोपेली जनतावीच समानताको प्रवर्द्धन तथा आपसी सहमतिमा आधारित एकताको प्रवर्द्धन तथा सुदृढीकरण सदनले गर्नेछ ।

५. यसले आफुलाई तथा जनप्रतिनिधिसभालाई एकसाथ सुम्पिएका अधिकारहरूको प्रयोग गर्नेछ ।

६. राज्यहरूवीच उत्पन्न हुन सक्ने विवाद तथा असमझदारीहरूको समाधानको खोजीका लागि सदनले प्रयत्न गर्नेछ ।

७. संघीय तथा राज्यका करका संयुक्त स्रोतहरूबाट प्राप्त राजस्वको बाँडफाँड तथा राज्यहरूलाई संघीय सरकारले प्रदान गर्न सक्ने सहुलियतहरूको निर्धारण सदनले गर्नेछ ।

८. जनप्रतिनिधिसभाद्वारा कानुन लागु गर्नुपर्ने आवश्यकता रहेका नागरिक मामिलाहरू निर्धारण गर्नेछ ।

९. कुनै राज्यले संबिधानको उल्लंघन गर्दा संबैधानिक मर्यादा खतरामा परेमा सदनले संघीय हस्तक्षेपको आदेश जारी गर्नेछ ।

१०. यसले स्थायी तथा तदर्थ समितिहरू खडा गर्नेछ ।

११. सदनको सभामुख तथा उपसभामुख निर्वाचित गर्ने र सदनका कार्यविधि र आन्तरिक प्रशासनको नियमहरू अंगिकार गर्नेछ ।

## धारा ६३

## संघीय सदनका सदस्यहरूको कवच

१. सदनमा खसालेको मत तथा व्यक्त गरेको अभिव्यक्तिका आधारमा संघीय सदनको कुनै सदस्यमाथि अदालती कारवाही हुनेछैन, न त त्यस्तो आधारमा कुनै सदस्य विरुद्ध कुनै प्रशासनिक कारवाही गरिनेछ ।

२. रंगेहात पक्राउ परेको अपराधको मुद्धामा वाहेक सदनको अनुमतिविना संघीय सदनको कुनै सदस्यलाई पक्रने वा कानुनी कारवाही गरिने छैन ।

## धारा ६४

## कार्यविधिका निर्णय तथा नियमहरू

१. संघीय सदनको दुई तिहाई सदस्यहरू उपस्थित भएमा बैठकको लागि निर्धारित संख्या पुग्नेछ । सदनका सबै निर्णयहरूका लागि उपस्थित सदस्यहरू तथा निर्वाचनमार्फत बहुमतले समर्थन जनाएको हुनुपर्नेछ ।

२. सदनका सदस्यहरूले आफू उपस्थित रहँदामात्र मतदान गर्न पाँउनेछन् ।

## धारा ६५

## बजेट (आयव्ययको अनुमान)

संघीय सदनले आफ्नो बजेटलाई अनुमोदनका लागि जनप्रतिनिधिसभासमक्ष प्रस्तुत गर्नेछ ।

## धारा ६६

### सदनका सभामुखको अधिकार

१. सदनका बैठकहरूको अध्यक्षता संघीय सदनका सभामुखले गर्नेछन् ।

२. सदनका तर्फबाट सबै प्रशासकीय मामिलालाई सभामुखले निर्देशित गर्नुपर्नेछ ।

३. आफ्ना सदस्यहरूमाथि सदनले गर्ने अनुशासनका कारवाहीहरू सभामुखले लागु गर्नुपर्नेछ ।

## धारा ६७

### बैठकहरू र कार्यादेशको अवधि

१. प्रत्येक वर्ष कम्तीमा दुइ पटक संघीय सदनको बैठक बोलाउनुपर्नेछ ।

२. संघीय सदनको कार्यादेशको अवधि पाँच वर्षको हुनेछ ।

## धारा ६८

### दुवै सदनमा एकसाथ सदस्यता निषेध

कोहिपनि जनप्रतिनिधिसभा तथा संघीय सभाको एकसाथ सदस्य हुन पाउनेछैन ।

# परिच्छेद सात

# गणतन्त्रका राष्ट्रपति

### धारा ६९

### राष्ट्रपति

राष्ट्रपति संघीय लोकतान्त्रिक गणतन्त्र इथियोपियाका राष्ट्रप्रमुख हुनेछन् ।

### धारा ७०

### राष्ट्रपतिको चयन तथा नियुक्ति

१. जनप्रतिनिधिको सदनले राष्ट्रपति पदका लागि उम्मेदवारको चयन गर्नेछ ।

२. जनप्रतिनिधि तथा संघीय सदनको संयूक्त बैठकले सो उम्मेदवारीलाई दुई तिहाई बहुमतले पारित गरेमा ती व्यक्ति राष्ट्रपतिमा निर्वाचित हुनेछन ।

३. राष्ट्रपति निर्वाचित भएपछि जुनसुकै सदनको सदस्यले आफ्नो स्थान खालि गरिदिनुपर्नेछ ।

४. राष्ट्रपतिको कार्यावधि ६ वर्ष रहनेछ । कुनै पनि व्यक्ति दुई अवधि भन्दा बढी राष्ट्रपति निर्वाचित हुन पाउनेछैन ।

५. यो धाराको उपधारा २ बमोजिम राष्ट्रपतिले आफ्नो निर्वाचनपछि, आफ्नो जिम्मेवारी सम्हाल्नुअघि, दुवै सदनको संयुक्त बैठकले निर्धारित गरेको समयमा, आफुलाई सदनमा उपस्थित गराएर संबिधान र इथियोपेली जनताप्रति आफू समर्पित रहेको घोषणा निम्नलिखित शब्दमा गर्नुपर्नेछ :

> “ म............संघीय लोकतान्त्रिक गणतन्त्र इथियोपियाको राष्ट्रपतिका हैसियतले मेरो जिम्मेवारी सम्हालेको यो मितिमा मलाई सुम्पिएका उच्च जिम्मेवारीलाई विश्वसनीय ढंगले पूरा गर्ने शपथ लिन्छु । ”

### धारा ७१

### राष्ट्रपतिको अधिकार तथा कार्यहरू

१. राष्ट्रपतिले जनप्रतिनिधिको सदन तथा संघीय सदनका वार्षिक बैठकहरूको शुरुमा संयुक्त बैठकहरूको औपचारिक उदघाटन गर्नेछन् ।

२. राष्ट्रपतिले जनप्रतिनिधि सभाले संबिधान बमोजिम पारित गरेका नेगारित गजेट कानुनहरू र अन्तर्राष्ट्रिय सम्झौताहरू घोषणा गर्नेछन् ।

३. राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा राजदुतहरू र विदेशमा राष्ट्रलाई प्रतिनिधित्व गर्ने अन्य दुतहरू नियुक्त गर्नेछन् ।

४. उनले विदेशी राजदुत तथा विशेषदूतहरूको ओहोदाका प्रमाणपत्र ग्रहण गर्नेछन् ।

५. राष्ट्रपतिले कानुनद्वारा स्थापित शर्त र विधि बमोजिम तक्मा, पुरस्कार र उपहारहरू प्रदान गर्नेछन् ।

७. उनले कानुनद्वारा स्थापित शर्त र विधिबमोजिम आममाफी प्रदान गर्नेछन् ।

# परिच्छेद आठ

# कार्यपालिका

## धारा ७२

### कार्यपालिकाका अधिकारहरू

१. संघीय सरकारको सबैभन्दा उच्च कार्यकारिणी अधिकार प्रधानमन्त्री र मन्त्रिपरिषदमा निहित रहनेछ।

२. प्रधानमन्त्री र मन्त्रिपरिषद जनप्रतिनिधिसभाप्रति जिम्मेवार रहनेछन् । एउटा अंगको रूपमा सामूहिक निर्णय गर्ने मन्त्रिपरिषदका सदस्यहरू राज्यका कार्यहरू सम्पादन गर्दा सबै निणर्यहरूप्रति जिम्मेवार रहनेछन् ।

३. यो संबिधानमा किटानी गरिए बाहेक राष्ट्रपतिको कार्यावधि जनप्रतिनिधिसभाले अनुमोदन गरेको अवधिका लागि हुनेछ ।

## धारा ७३

### प्रधानमन्त्रीको नियुक्ति

१. जनप्रतिनिधिसभाका सदस्यहरूमध्येबाट प्रधानमन्त्रीको निर्वाचन गरिनेछ ।

२. जनप्रतिनिधिसभामा बहुमत रहेको राजनीतिक दल तथा गठबन्धनले सरकारको अधिकार हासिल गर्नेछ ।

धारा ७४

**प्रधानमन्त्रीका अधिकार तथा कर्तव्यहरू**

१. प्रमुख कार्यकारी, मन्त्रीपरिषदका अध्यक्ष तथा राष्ट्रिय सशस्त्र दलहरूका परमाधिपतिका रूपमा प्रधानमन्त्री रहनेछन् ।

२. प्रधानमन्त्रीले दुबै सदनका सदस्यहरूमध्येबाट र दुबै सदनका सदस्य नभएपनि आवश्यक योग्यता हासिल गरेका व्यक्तिहरूमध्येबाट छानेका उम्मेदवारहरूलाई मन्त्री पदहरूमा अनुमोदन गर्न जनप्रतिनिधिसभा समक्ष प्रस्तुत गर्नेछन् ।

३. जनप्रतिनिधि सभाले अनुमोदन गरेका कानुनहरू, नीतिहरू, निर्देशिकाहरू र अन्य निर्णयहरूको कार्यान्वयनको सुनिश्चितता र अनुगमन प्रधानमन्त्रीले गर्नेछन् ।

४. मन्त्रीपरिषदलाई नेतृत्व दिने, त्यसका गतिविधिहरूको समन्वय गर्ने र त्यसको प्रतिनिधिको रूपमा प्रधानमन्त्रीले कार्य गर्नेछन् ।

५. मन्त्रीपरिषदले अनुमोदन गरेका नीति, नियम, निर्देशिका र निर्णय कार्यान्वयनका सबैपक्षको सुपरिवक्षण प्रधानमन्त्रीले गर्नेछन् ।

६. राज्यको विदेश नीतिको कार्यान्वयनका सबैपक्षको सुपरिवेक्षण पनि उनले नै गर्नेछन् ।

७. संघीय सर्वोच्च अदालत तथा महालेखा परिक्षक कार्यालयका आयुक्त, अध्यक्ष तथा उपाध्यक्ष पदका उम्मेदवारको छनौट गरि अनुमोदनका लागि प्रधानमन्त्रीले जनप्रतिनिधिसभामा प्रस्तुत गर्नेछन् ।

८. प्रधानमन्त्रीले संघीय प्रशासनको कार्य र प्रभावकारिता सुपरिवेक्षण गरेर आवश्यक परेमा सुधारका लागि पहल गर्नेछन् ।

९. प्रधानमन्त्रीले यो धाराको उपधारा २ र ३ मा व्यवस्था गरे बमोजिम बाहेकका संघीय सरकारका उच्च निजामती अधिकारीहरू नियुक्त गर्नेछन् ।

१०. जनप्रतिनिधिसभाले अनुमोदन गरेका कानुन र निर्णय बमोजिम तक्मा, पुरस्कार र उपहारका लागि योग्यहरूको नाम प्रधानमन्त्रीले राष्ट्रपतिसमक्ष शिफारिस गर्नेछन् ।

११. कार्यपालिकाले हासिल गरेका उपलब्धिको आवधिक प्रतिवेदन र त्यसका योजना तथा प्रस्तावहरूलाई प्रधानमन्त्रीले जनप्रतिनिधिसभामा प्रस्तुत गर्नेछन् ।

१२. संबिधान र अन्य कानुनले सुम्पेका सबै जिम्मेवारीलाई प्रधानमन्त्रीले निर्वाह गर्नेछन् ।

१३. प्रधानमन्त्रीले संबिधान लागू र पालना गर्नेछन् ।

## धारा ७५

## उपप्रधानमन्त्री

१. उपप्रधानमन्त्रीले :

    क. प्रधानमन्त्रीले उनलाईनै भनेर तोकिदिएका जिम्मेवारीहरू पूरा गर्नेछन् ।

    ख. प्रधानमन्त्रीको अनुपस्थितिमा उनका जिम्मेवारीहरू ग्रहण गर्नेछन् ।

२. उपप्रधानमन्त्रीले प्रधानमन्त्रीप्रति जिम्मेवार रहनुपर्नेछ ।

## धारा ७६

## मन्त्रीपरिषद

१. प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्रीहरू र कानूनले तोकेका अन्य सदस्यहरू सम्मिलित मन्त्रीपरिषद हुनेछ ।

२. मन्त्रीपरिषद प्रधानमन्त्रीप्रति जवाफदेही रहनेछ ।

३. आफ्ना सबै निर्णयहरू सम्बन्धमा मन्त्रीपरिषद जनप्रतिनिधिसभाप्रति जवाफदेही रहनेछ ।

## धारा ७७

## मन्त्रीपरिषदका अधिकार तथा कामहरू

१. मन्त्रीपरिषदले जनप्रतिनिधिसभाले अनुमोदन गरेका कानुन र निर्णयहरू कार्यान्वयन भएको सुनिश्चितता गर्नेछ ।

२. यसले आफूप्रति जिम्मेवार रहेका मन्त्रालय तथा अन्य अंगका संगठनात्मक स्वरूपहरू निर्धारण गर्नेछ, तीनका गतिविधिहरूको संयोजन र तीनलाई नेतृत्व प्रदान गर्नेछ ।

३. मन्त्रीपरिषदले वार्षिक संघीय बजेट बनाउनेछ र जनप्रतिनिधिसभाले त्यसलाई अनुमोदन गरेपछि बजेटको कार्यान्वयन गर्नेछ ।

४. मन्त्रीपरिषदले राज्यको आर्थिक तथा मौद्रिक नीतिको समुचित कार्यान्वयनको सुनिश्चितता गर्नेछ, राष्ट्रिय बैंकको व्यवस्थापन, नगद तथा मुद्राको छपाइ तथा निष्काशन, घरेलु तथा वाह्य स्रोतबाट नगद सापटी र वैदेशिक मुद्रा साटफेरलाई नियमन गर्नेछ ।

५. मन्त्रीपरिषदले सर्वाधिकार र प्रतिलिपि अधिकारको सुरक्षा गर्नेछ ।

६. यसले आर्थिक, सामाजिक र विकास नीति तथा रणनीतिहरूको तर्जुमा र कार्यान्वयन गर्नेछ ।

७. मन्त्रीपरिषदले नापतौल र पात्रो सम्बन्धमा एकनासको मापदण्ड तोक्नेछ ।

८. मन्त्रीपरिषदले राज्यको विदेश नीतिको तर्जुमा र त्यस्को कार्यान्वयनका लागि सबैपक्षको सुपरिवेक्षण गर्नेछ ।

९.सुरक्षा व्यवस्थाको कानुनी सुनिश्चितता प्रदान गर्नेछ ।

१०. मन्त्रीपरिषदले संकटकालको घोषणा गर्नसक्नेछ, तर त्यसो गर्दा सो घोषणालाई संबिधानमा उल्लेख गरिएको समयावधिभित्रै जनप्रतिनिधिसभासमक्ष अनुमोदनका लागि प्रस्तुत गर्नुपर्नेछ ।

११. मन्त्रीपरिषदले युद्धको घोषणाका लागि आवश्यक कानुनको खाका लगायत जुनसुकै विषयमा आफ्नो कार्यक्षेत्रभित्र पर्ने कानुनको खाकालाई जनप्रतिनिधिसभामा प्रस्तुत गर्नुपर्नेछ ।

१२. मन्त्रीपरिषदले जनप्रतिनिधिसभा तथा प्रधानमन्त्रीले सुम्पन सक्ने अन्य जिम्मेवारीहरू निर्वाह गर्नेछ ।

१३. जनप्रतिनिधिसभाद्वारा आफूमा निहित गराइएका अधिकारको प्रयोग गरी मन्त्रीपरिषदले नियमहरू बनाउने र लागु गराउनेछ ।

# परिच्छेद नौ
# अदालतका स्वरूप तथा अधिकारहरू

**धारा ७८**

**न्यायालयको स्वतन्त्रता**

१. यो संबिधानले एउटा स्वतन्त्र न्यायपालिकाको स्थापना गरेको छ ।

२. सर्वोच्च संघीय न्यायिक अधिकार सर्वोच्च संघीय अदालतमा नीहित छ । जनप्रतिनिधिसभाको दुई तिहाई बहुमतले देशव्यापीरूपमा वा राज्यका केही स्थानमा मात्र संघीय उच्च अदालत र आवश्यकता अनुसार प्रारम्भिक अदालतहरू (First-Instance courts) स्थापना गर्न सक्नेछ । यसरी निर्णय गरिएका वाहेक संघीय उच्च अदालत र प्रारम्भिक अदालतहरू (First-Instance courts) का अधिकारक्षेत्रहरू राज्य अदालतलाई प्रदान गरिएको छ ।

३. राज्यहरूले सर्वोच्च, उच्च र प्रारम्भिक अदालतहरू स्थापना गर्नसक्नेछन् । कार्यविधि कानुनले निर्धारित गरेबमोजिम हुनेछ ।

४. कानूनी रूपमै सशक्त, विद्यमान अदालत तथा संस्थाहरूका न्यायिक अधिकार खोस्ने प्रकृतिका र कानुनमा व्यवस्था नभएका विशेष र तदर्थ अदालतहरू न्यायिक कार्यसम्पादन गर्न स्थापना गरिने छैनन् ।

५. धारा ३४ को उपधारा ५ बमोजिम जनप्रतिनिधिसभा तथा राज्यपरिषदहरूले धार्मिक र पारम्परिक अदालतहरू स्थापना गरेर त्यसलाई आधिकारिक मान्यता दिन सक्नेछन् । राज्यले मान्यता दिएका र संबिधान लागू हुन अघिदेखिका धार्मिक तथा पारम्परिक अदालतहरूलाई यस संबिधानले दिएको समझदारीमुलक मान्यतामा आधारित भई व्यवस्थित गरिनेछ ।

**धारा ७९**

**न्यायिक अधिकारहरू**

१. संघीय र राज्य दुवै तहका न्यायिक अधिकारहरू अदालतमा निहित रहनेछ ।

२. कुनै पनि सरकारी निकाय, सरकारी अधिकारी र अन्य स्रोतको प्रभावबाट सबै तहका अदालत मुक्त रहनेछन् ।

३. न्यायाधिशहरूले पूर्ण स्वतन्त्रतापूर्वक र कानूनद्वारा निर्देशित रहेर मात्र न्याय सम्पादन गर्नेछन् ।

४. निम्न अवस्थामा वाहेक कानुनद्वारा निर्धारण गरिएबमोजिम अवकाश पाउने उमेर अघिनै कुनै न्यायाधिशलाई सो पदबाट हटाइनेछैन :

   क. विधागत नियमहरूको उल्लंघन गरेवापत तथा असक्षम वा निश्प्रभावी रहेको आधारमा न्यायिक प्रशासनिक परिषदले पदवाट हटाउने निर्णय गरेमा, वा

   ख. अस्वस्थताका कारण कुनै न्यायाधिशले आफ्नो जिम्मेवारीलाई यथावत राख्न नसक्ने ठहर न्यायिक प्रशासनिक परिषदले गरेमा, र

   ग. जनप्रतिनिधिसभा वा सम्बन्धित राज्य सभाको बहुमतले न्यायिक प्रशासनिक परिषदको निर्णयलाई पारित गरेमा ।

५. कानुनले निर्धारण गरेको अवकाश उमेरलाई नाघेर न्यायाधिशहरूको कार्यावधिलाई बढाइने छैन ।

६. संघीय सर्वोच्च अदालतले संघीय अदालतहरूको बजेट बनाएर अनुमोदनका लागि जनप्रतिनिधिसभामा प्रस्तुत गर्नेछ र अनुमोदनपछि बजेटको वितरण व्यवस्था मिलाउनेछ ।

७. राज्य अदालतहरूको बजेट सम्बन्धित राज्य परिषदले निर्धारण गर्नेछ । संघीय उच्च अदालत र संघीय प्रारम्भिक अदालतहरूको अधिकारक्षेत्र समानान्तर रूपमा प्रयोग गर्ने सर्वोच्च तथा उच्च अदालतहरू रहेका राज्यहरूका लागि थप आवश्यक बजेटको व्यवस्था जनप्रतिनिधिसभाले मिलाउनेछ ।

## धारा ८०

## अदालतका समानान्तर अधिकारक्षेत्र

१. संघीय विषयवस्तुमा सबैभन्दा उच्च र निर्णायक न्यायिक अधिकार सर्वोच्च संघीय अदालतसँग हुनेछ ।

२. राज्यस्तरका विषयमा सबैभन्दा उच्च र अन्तिम न्यायिक अधिकार सर्वोच्च राज्य अदालतसँग हुनेछ । ती अदालतहरूले संघीय उच्च अदालतको अधिकारक्षेत्र प्रयोग गर्न सक्नेछन् ।

३. यस धाराको उपधारा १ र २ मा जेसुकै प्रावधानहरू भए तापनिः

क. सामान्य कानुनी त्रुटी भएको कुनैपनि अन्तिम अदालती निर्णयलाई पुष्टि गर्ने वा उल्टाउने अधिकार सर्वोच्च संघीय अदालतसँग रहनेछ । बेहोरा कानुनले निर्धारिण गरे बमोजिम हुनेछ ।

ख. राज्यस्तरका विषयमा अन्तिम अदालती फैसलामा सामान्य कानुनी त्रुटी भएको उपर कारण देखाउ आदेश जारी गर्ने अधिकार सर्वोच्च राज्य अदालतसँग रहनेछ । त्यसको बेहोरा कानुनमा तोके बमोजिम हुनेछ ।

४. राज्य उच्चअदालतले राज्यको अधिकारक्षेत्रका अलावा संघीय प्रारम्भिक अदालतहरूको अधिकारक्षेत्रमा कार्य गर्न सक्नेछ ।

५. राज्य उच्च अदालतले संघीय प्रारम्भिक अदालतहरूको अधिकारक्षेत्र प्रयोग गरेर गरेको निर्णय सर्वोच्च राज्य अदालतमा पुनरावेदन हुनेछ ।

६. सर्वोच्च राज्य अदालतले संघीय विषयमा सुनाएको फैसलामा पनि सर्वोच्च संघीय अदालतमा पुनरावेदन जाहेर हुनेछ ।

## धारा ८१

## न्यायाधिशहरूको नियुक्ती

१. प्रधानमन्त्रीको सिफारिसमा जनप्रतिनिधिसभाद्वारा सर्वोच्च संघीय अदालतका अध्यक्ष तथा उपाध्यक्ष नियुक्त गरिनेछ ।

२. अन्य संघीय न्यायाधिशका सम्बन्धमा, संघीय न्यायिक प्रशासन परिषदले छनौट गरेका उम्मेदवारको नियुक्तिका लागि प्रधानमन्त्रीले जनप्रतिनिधिसभा समक्ष प्रस्तुत गर्नेछन् ।

३. राज्यका प्रमुख कार्यकारीको शिफारिसमा राज्य परिषदले सर्वोच्च राज्य अदालतको अध्यक्ष तथा उपाध्यक्ष नियुक्त गर्नेछ ।

४. राज्य परिषदले राज्यको न्यायिक प्रशासन परिषदको शिफारिसमा सर्वोच्च तथा उच्च राज्य अदालतका न्यायाधिशहरू नियुक्त गर्नेछ । राज्य परिषदमा उम्मेदवारीहरू प्रस्तुत गर्नुअघि राज्यको न्यायिक प्रशासन परिषदले उम्मेदवारका सम्बन्धमा र ती धारणाहरूलाई शिफारिससँगै पठाउन संघीय न्यायिक प्रशासन परिषदको धारणा

बुझ्ने जिम्मेवारी वहन गर्नुपर्छ । संघीय न्यायिक प्रशासन परिषदले तीन महिनाभित्र आफ्नो धारणा नदिएमा राज्य परिषदले नियुक्ति प्रदान गर्न सक्नेछ ।

५. राज्यका प्रारम्भिक अदालतहरूका न्यायाधिशहरूको नियुक्ती राज्यको न्यायिक प्रशासन परिषदको शिफारिसमा राज्य परिषदले गर्नेछ ।

६. कुनै पनि अदालतका न्यायाधिशहरूको व्यवसायिक आचार संहिता र अनुशासनका साथै सरुवाका सम्बन्धमा सम्बन्धित न्यायिक प्रशासन परिषदले निर्धारण गरे बमोजिम हुनेछ ।

## धारा ८२

## संबैधानिक अनुसन्धान परिषदको स्वरूप

१. यो संबिधानले संबैधानिक अनुसन्धान परिषदको स्थापना गरेको छ ।

२. संबैधानिक अनुसन्धान परिषदमा रहने ११ जना सदस्यहरूमा:

    क. सर्वोच्च संघीय अदालतका अध्यक्षले, परिषदको अध्यक्षको रूपमा सेवा गर्नेछन् ।

    ख. सर्वोच्च संघीय अदालतका उपाध्यक्ष, परिषदको उपाध्यक्षको रूपमा रहनेछन् ।

    ग. दरिएको व्यवसायिक दक्षता भएका र उच्च नैतिक अडान राख्ने ६ जना कानुनविद्हरू जनप्रतिनिधिसभाको सिफारिसमा गणतन्त्रका राष्ट्रपतिद्वारा परिषदमा नियुक्त हुनेछन् ।

३. संबैधानिक अनुसन्धान परिषदले आफ्ना जिम्मेवारीहरूलाई तदारुकतासाथ पूरा गर्ने संगठनात्मक स्वरूप खडा गर्न सक्नेछ ।

## धारा ८३

## संबिधानको व्याख्या

१. संघीय सदनले सबै संबैधानिक विवादहरू सम्बन्धमा निर्णय लिनेछ ।

२. संघीय सदनले संबैधानिक अनुसन्धान परिषदले प्रस्तुत गरेका संबैधानिक जटिलताहरूलाई तीस दिनभित्र टुंगो लगाउनेछ ।

## धारा ८४

## संबैधानिक अनुसन्धान परिषदका अधिकार तथा कामहरू

१. संबैधानिक विवादहरू सम्बन्धमा अनुसन्धान गर्ने अधिकार संबैधानिक अनुसन्धान परिषदसँग रहनेछ । विषयवस्तुमाथि विचार गर्दा संबिधानको व्याख्या आवश्यक देखेमा परिषदले आफ्ना सुझाबहरूलाई संघीय सदनमा प्रस्तुत गर्नेछ ।

२. संघीय तथा राज्य कानुन असंबैधानिक भएको विवादमा परेको स्थानमा र कुनै अदालत तथा दलविशेषले त्यस्तो विवादलाई प्रस्तुत गर्नेछ, भने परिषदले सो विषयमाथि विचार गर्नेछ र अन्तिम निर्णयका लागि संघीय सदनमा प्रस्तुत गर्नेछ ।

३. संबैधानिक व्याख्याका मुद्दाहरू अदालतमा देखापरेमा, परिषदले:

क. कुनै संबैधानिक व्याख्याको आवश्यकता नदेखेमा सम्बन्धित अदालतमा फिर्ता पठाउनेछ, परिषदको निर्णयबाट सम्बन्धित पक्ष असन्तुष्ट भएमा सो पक्षले संघीय सदनमा आवेदन दिन सक्नेछ ।

ख. संबैधानिक व्याख्याको आवश्यकता ठहर गरेमा अन्तिम निर्णयका लागि आफ्ना सुझाबहरू संघीय सदनमा प्रस्तुत गर्नेछ ।

४. परिषदले आफ्ना कार्यविधि नियमको खाका तयार पारेर संघीय सदनमा पठाउनेछ र त्यसको अनुमोदनपछि कार्यान्वयन गर्नेछ ।

## परिच्छेद दश

# राष्ट्रिय नीति, सिद्धान्त र उद्देश्यहरू

### धारा ८५

### उद्देश्यहरू

१. सरकारको कुनै पनि अंग, संबिधान, अन्य कानून र सार्वजनिक नीतिहरू कार्यान्वयन गर्ने क्रममा यस भागमा उल्लेखित सिद्धान्त र उद्देश्यहरूबाट निर्देशित रहनेछन् ।

२. यस भागमा प्रयुक्त सरकार शब्दले प्रसंगअनुसार संघीय वा राज्य सरकार भन्ने बुझाउनेछ ।

### धारा ८६

### वाह्य सम्बन्धका सिद्धान्तहरू

१. राष्ट्रिय हित र मुलुकको सार्भभौमसत्ताको मर्यादामा आधारित रहेर वैदेशिक सम्बन्धका नीतिहरू प्रवर्द्धन गर्ने ।

२. राष्ट्रिय सार्वभौमसत्ता र राज्यहरूको समानता र अन्य राष्ट्रहरूको आन्तरिक मामिलामा असंलग्नताका लागि आपसी मर्यादाको प्रवर्द्धन गर्ने ।

३. आपसी हित र राज्यको समानताका साथै अन्तर्राष्ट्रिय सम्झौताहरूले इथियोपियाको हित प्रवर्द्धन गर्नेमा आधारित रहेर मुलुकको वैदेशिक सम्बन्ध नीतिलाई सुनिश्चितता प्रदान गर्ने ।

४. अन्तराष्ट्रिय सम्झौताहरूले इथियोपियाको सार्वभौमिकताप्रति आदरभाव सुनिश्चित गरेको र जनताको हित प्रतिकुल रहे नरहेको निरीक्षण गर्ने ।

५. इथियोपियाका छिमेकी र अन्य अफ्रिकी मुलुकका नागरिकहरूवीच सदियौंदेखिको आर्थिक साझेदारी र भाइचाराको सम्बन्धलाई सुदृढ र प्रवर्द्धन गर्ने ।

६. अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण समाधानका लागि सहयोग गर्ने र खोज्ने ।

### धारा ८७

### राष्ट्रिय सुरक्षाको सिद्धान्त

१. राष्ट्रिय शसस्त्र फौजको स्वरूपले राष्ट्र, जनजाति र इथियोपेली जनताको समुचित प्रतिनिधित्व दर्शाउनुपर्नेछ ।

२. रक्षामन्त्रीमा नागरिकको प्रतिनिधि रहनेछ ।

३. राष्ट्रको सार्वभौमसत्ताको सुरक्षा र संबैधानिक रूपमा घोषणा गरिएको जस्तोसुकै संकटकालिन अवस्थामा शसस्त्र फौजहरूले उनीहरूलाई सुम्पिएको जिम्मेवारी वहन गर्नुपर्नेछ ।

४. सशस्त्र सेनाले जुनसुकै वखत संबिधानको पालना र कदर गर्नुपर्नेछ ।

५. कुनै पनि राजनीतिक दल तथा दलगत भावनाबाट स्वतन्त्र रहेर सशस्त्र सेनाले आफ्नो कर्तव्य पालना गर्नेछ ।

## धारा ८८

## राजनीतिक उद्देश्य

१. सरकारले लोकतान्त्रिक सिद्धान्तहरूबाट निर्देशीत रहेर जनताको आत्म निर्णयलाई सबै तहमा प्रवर्द्धन तथा सहयोग गर्नेछ ।

२. राज्य, जनजाति र जनताहरूको पहिचानको सरकारले कदर गर्नेछ । साथै राज्य, जनजाति र जनतावीच समानता, एकता र भाइचाराको सम्बन्धलाई सुदृढ गर्ने दायित्व सरकारको हुनेछ ।

## धारा ८९

## आर्थिक उद्देश्य

१. राष्ट्रको बौद्धिक तथा भौतिक स्रोतका ऐतिहासिक गाथाबाट सबै इथियोपेलीहरूलाई फाइदा पुग्ने सुनिश्चित गर्न नीतिहरू बनाउने दायित्व सरकारको हुनेछ ।

२. सबै इथियोपेलीहरूले आफ्नो आर्थिक अवस्था सुधार्ने समान मौका पाउने र उनीहरूवीच सम्पत्तिको समुचित वितरणको प्रवर्द्धन सुनिश्चित गर्ने दायित्व सरकारको हुनेछ ।

३. कुनैपनि प्राकृतिक तथा कृतिम प्रकोपलाई रोक्न तथा प्रकोपको अवस्थामा पीडितलाई समयमै सहयोग प्रदान गर्न सरकारले संयन्त्र अपनाउनेछ ।

४. सरकारले आर्थिक तथा सामाजिक विकासका क्षेत्रमा विपन्न राज्य, जनजाति र जनतालाई विशेष सहायता प्रदान गर्नेछ ।

५. भूमि र प्राकृतिक स्रोतहरूलाई जनताका तर्फबाट नियन्त्रणमा लिएर जनताकै साझा भलाइ तथा विकासका लागि परिचालन गर्ने दायित्व सरकारको हुनेछ ।

६. राष्ट्रिय विकास नीति तथा कार्यक्रमहरू बनाउने क्रममा जनसहभागितालाई सरकारले सधै प्रोत्साहित गर्नेछ । जनताको विकास प्रयासको थालनीलाई सहयोग गर्ने काम सरकारको दायित्व भित्रै पर्नेछ ।

७. सरकारले सबै आर्थिक र सामाजिक विकासका प्रयासहरूमा महिलाको सहभागिता पुरुषसरह सुनिश्चित गर्नुपर्नेछ ।

८. राष्ट्रका सक्रिय जनसंख्याको स्वास्थ्य, सम्पन्नता र जीवनस्तरको सुरक्षा र प्रवर्द्धनका लागि सरकारले प्रयास गर्नेछ ।

## धारा ९०

## सामाजिक उद्देश्य

१. मुलुकको स्रोतले भ्याएसम्म, स्वास्थ्य र शिक्षा, सफा पानी, आवास, खाद्यान्न र सामाजिक सुरक्षामा सबै इथियोपेलीहरूको पहुँच पुर्‍याउने दिशामा सरकारको नीति निर्देशित हुनेछ ।

२. शिक्षालाई कुनैपनि धार्मिक प्रभाव, राजनीतिक दलगत वा सांस्कृतिक दुराग्रहबाट मुक्त राख्ने गरि प्रदान गरिनेछ ।

## धारा ९१

## सांस्कृतिक उद्देश्य

१. आधारभूत अधिकार, मानव मर्यादा, लोकतान्त्रिक मुल्य तथा मान्यता र संबिधानका प्रावधान सुहाँउदो संस्कृति र परम्परालाई समान ढंगले प्रवर्द्धन गर्न र सम्पन्न बनाउन सहयोग गर्ने दायित्व सरकारको हुनेछ ।

२. राष्ट्रको प्राकृतिक सम्पदा, ऐतिहासिक स्थल र वस्तुहरूलाई संरक्षण गर्ने दायित्व सरकार र सबै इथियोपेलीहरूको हुनेछ ।

३. कला, विज्ञान र प्रविधिको विकासमा स्रोतले भ्याएसम्म सहयोग पुऱ्याउने दायित्व सरकारको हुनेछ ।

## धारा ९२

## वातावरणीय उद्देश्य

१. सबै इथियोपेलीहरूले स्वच्छ र स्वस्थ वातावरणमा बस्न पाउने अवस्थाको सुनिश्चितताका लागि सरकारले पहल गर्नेछ ।

२. विकासका कार्यक्रम तथा आयोजनाहरूको ढाँचा र कार्यान्वयनले वातावरणलाई हानी पुऱ्याउने वा बिनाश गर्नेछैन ।

३. वातावरणीय नीतिहरू तथा प्रत्यक्ष रूपमा जनता प्रभावित हुने आयोजनाहरूको, योजना तथा कार्यान्वयनमा परामर्श दिने र आफ्नो विचार प्रकट गर्ने पूर्ण अधिकार जनतालाई रहनेछ ।

४. वातावरणको सुरक्षा गर्नु सरकार र नागरिकको दायित्व हुनेछ ।

# परिच्छेद एघार

# विविध प्रावधानहरू

### धारा ९३

### संकटकालीन अवस्थाको घोषणा

१. क. वाह्य आक्रमणको अवस्था तथा विद्यमान कानुन, सुरक्षा निकाय तथा सुरक्षाकर्मीले नियन्त्रण गर्नैनसक्ने गरी सुरक्षा व्यवस्थामा खलल पुगेर संबैधानिक व्यवस्थामाथि खतरा हुने देखिएमा, प्राकृतिक प्रकोप वा कुनै महामारी उत्पन्न भएमा संघीय सरकारको मन्त्रीपरिषदले संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ ।

ख. प्राकृतिक प्रकोप र महामारी उत्पन्न भएको अवस्थामा राज्यको कार्यकारीले राज्य-व्यापी संकटकालीन अवस्था घोषणा गर्न सक्नेछ ।

२. यो धाराको उपधारा १(क) बमोजिम संकटकालको घोषणा गरिनेछः

क. जनप्रतिनिधिसभाको बैठक जारी रहेको समयमा संकटकाल घोषणा भएमा आदेश जारी भएको अढचालीस घण्टाभित्र सो आदेशलाई सदनमा प्रस्तुत गर्नुपर्नेछ । जनप्रतिनिधिसभाको दुई तिहाई बहुमतले पारित नभएमा सो आदेश समूल निश्प्रभावी हुनेछ ।

ख. यस उपधाराको (क) मा व्यवस्था भएबमोजिम अनुमोदनका लागि आवश्यक मतको अधिनमा रही, जनप्रतिनिधिसभाको बैठक जारी नरहेको समयमा, संकटकालीन अवस्थाको घोषणा गर्ने आदेशलाई १५ दिनभित्र सदनमा प्रस्तुत गरिनुपर्नेछ ।

३. मन्त्रीपरिषदले आदेश जारी गरेको संकटकालको घोषणा जनप्रतिनिधिसभाले अनुमोदन गरेमा ६ महिनाका सम्म लागू रहन सक्नेछ । जनप्रतिनिधिसभाको दुई तिहाई बहुमतले प्रत्येक ४ महिनामा संकटकाल घोषणालाई क्रमशः नवीकरण गर्ने अनुमति दिन सक्नेछ ।

४. क. संकटकालको घोषणा पछि, मन्त्रीपरिषदले, मुलुकको शान्ति र सार्वभौमसत्ताको संरक्षण गर्न र सार्वजनिक सुरक्षा, कानुन र व्यवस्था जोगाउन आफैले जारी गरेका नियम अनुसार सबै आवश्यक अधिकारहरू प्रयोग गर्न सक्नेछ ।

ख. संकटकालको घोषणा गर्नुपर्ने आवश्यकता ल्याउने अवस्थालाई रोक्न यो संबिधानले निषेध गरेका राजनीतिक तथा लोकतान्त्रिक अधिकारहरूलाई आवश्यकता अनुसार स्थगित गर्ने अधिकार मन्त्रीपरिषदसँग हुनेछ ।

ग. आकस्मिक अधिकारहरू प्रयोग गर्ने मन्त्रिपरिषदले यस संबिधानको धारा १, १८, २५ र धारा ३९ को उपधारा १ र २ का प्रावधानलाई स्थगित वा सीमित गर्न सक्नेछैन ।

५. जनप्रतिनिधिसभाले संकटकालको घोषणा गर्नासाथ सदनले आफ्ना सदस्यहरू र कानुनविद्हरूवीचबाट छानेको र तोकेको व्यक्तिहरू सम्मिलित एउटा ७ सदस्यीय संकटकाल जाँचबुझ आयोग खडा गर्नुपर्नेछ ।

६. संकटकाल जाँचबुझ आयोगको निम्नलिखित अधिकार र जिम्मेवारी हुनेछः

क. संकटकालको अवस्थाका लागि जिम्मेवार ठहऱ्याइ पक्राउ परेका सबै व्यक्तिहरूको नाम पक्राउ पर्नुको कारण सहित एक महिनाभित्र सार्वजनिक गर्ने ।

ख. संकटकालको अवधीमा चालिएका कुनै कदम अमानवीय भए नभएको निरीक्षण र अनुगमन गर्ने ।

ग. कुनै अमानवीय व्यवहार भएको जाँचबुझ आयोगले पाएमा त्यसलाई सच्याउनका लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषदलाई शिफारिस गर्ने ।

घ. अमानवीय कार्य गर्नेउपर अदालती कारवाहीको सुनिश्चितता गर्ने ।

ङ. संकटकालको अवधि बढाउन गरिएको आग्रह सम्बन्धमा जनप्रतिनिधिसभा समक्ष आफ्नो विचार प्रस्तुत गर्ने ।

## धारा ९४

## आर्थिक व्यय

१. संघीय सरकार र राज्यहरूले कानुनले तोकेका सबै जिम्मेवारीहरू तथा कार्यहरू सञ्चालन गर्नका लागि आवश्यक आर्थिक व्ययभार सहनेछन् । अर्को कुनै सहमति नहुँदासम्म राज्यद्वारा हस्तान्तरण गरिएका कार्य सञ्चालनका लागि आवश्यक पर्ने सबै आर्थिक व्ययभार जिम्मेवारी पाएको पक्षले उठाउनेछ ।

२. संघीय सरकारले राज्यहरूलाई आकस्मिक, पुनर्स्थापना तथा विकास र ऋण सहयोग उपलब्ध गराउनसक्नेछ तर त्यस्तो सहयोग तथा ऋणले राज्यहरूको समानुपातिक विकासमा कुनै अवरोध सिर्जना नगरोस भन्नेमा विशेष सतर्कता अपनाइनेछ । राज्यहरूको समानुपातिक विकासको लेखापरीक्षण तथा निरीक्षण गर्ने अधिकार संघीय सरकारलाई हुनेछ ।

## धारा ९५

## राजस्व

संघीय प्रबन्धलाई ध्यानमा राखेर संघीय सरकार र राज्यहरूले राजस्वको बाँडफाँड गर्नेछन् ।

## धारा ९६

## करप्रणालीको संघीय अधिकार

१. संघीय सरकारले भन्सार महशुल, कर तथा आयात र निर्यातमा अन्य शुल्कहरू लगाउन तथा असुल्न सक्नेछ ।

२. यसले संघीय सरकार तथा अन्तर्राष्ट्रिय संस्थाका कर्मचारीहरूमाथि आम्दानी कर लगाउन तथा असुल्न सक्नेछ ।

३. संघीय सरकारको अधिनमा रहेका व्यवसायहरूमाथि आम्दानी, नाफा, विक्री तथा अन्तःशुल्क करहरू सरकारले लगाउन तथा असुल्न सक्नेछ ।

४. सरकारले राष्ट्रिय चिठ्ठा तथा अन्य भाग्यका खेलहरूमा आम्दानी तथा विजेता कर असुल्नेछ ।

५. हवाइ, रेल तथा सामुद्रिक यातायात सेवाहरूको आम्दानीमा कर लगाउन र उठाउन सरकारले सक्नेछ ।

६. संघीय सरकारको अधिनमा रहेका आवास तथा सम्पत्तिको आम्दानीमा पनि सरकारले कर लगाउन तथा उठाउन सक्नेछ र भाडा पनि तोक्न सक्नेछ ।

७. संघीय सरकारका अंगहरूले जारी गर्ने अनुमतिपत्र तथा दिने सेवाहरूमा विभिन्न शुल्कहरू निर्धारण गरेर उठाउनसक्नेछ ।

८. सरकारले एकलौटीहरूमाथि करहरू लागु गर्न तथा संकलन गर्न सक्नेछ ।

९. यसले संघीय लिफाहरू उठाउन तथा संकलन गर्न सक्नेछ ।

## धारा ९७

### राज्यको कर अधिकार

१. राज्यहरूले राज्य तथा निजी संघसंस्थाहरूका कर्मचारीहरूमाथि आय कर उठाउन तथा संकलन गर्नेछन् ।

२. भूमिको हकवन्दी अधिकारका लागि शुल्क निर्धारण तथा संकलन राज्यले गर्नेछ ।

३. राज्यले निजी किसानहरू तथा सहकारीमूलक संघहरूमा आवद्ध किसानहरूको आम्दानीमा कर उठाउन तथा संकलन गर्नेछ ।

४. आफ्नो क्षेत्रभित्र व्यपार सञ्चालन गरिरहेका व्यक्तिगत व्यापारीहरूबाट मुनाफा तथा विक्री करहरू उठाउन तथा संकलन गर्न राज्यले सक्नेछ ।

५. आफ्नो क्षेत्रभित्र रहेको जल यातायातबाट आम्दानीमाथिको कर राज्यले उठाउने तथा संकलन गर्नेछ ।

६. राज्यहरूले निजी आवासहरू र राज्यभित्रका अन्य सम्पत्तिबाट प्राप्त हुने आम्दानीबाट कर असुल्न तथा संकलन गर्न सक्नेछ । आफ्नो अधिनमा रहेको घर तथा अन्य सम्पत्तिबाट भाडा उठाउन पनि सक्नेछ ।

७. राज्यहरूकै अधिनमा रहेका संघसंस्थाहरूबाट मुनाफा, विक्री, अन्तःशुल्क तथा व्यक्तिगत आम्दानी करहरू लगाउन तथा संकलन गर्न राज्यले सक्नेछ ।

८. धारा ९८ को उपधारा ३ का प्रावधानहरूमा निर्भर रहेर, राज्यहरूले खानी सञ्चालन तथा रोयाल्टिज तथा त्यस्ता सञ्चालनहरूमा जमीनको भाडाबाट प्राप्त आम्दानीमा करहरू लगाउन तथा संकलन गर्न सक्नेछ ।

९. राज्यका अंगहरूले जारी गर्ने अनुमतिपत्र तथा सेवाहरूसँग सम्बन्धित शुल्कहरू तथा रकमहरूको तिनीहरूले निर्धारण तथा संकलन गर्नेछन् ।

१०. बन सम्पदाको उपयोगका लागि तिनीहरूले कर निर्धारण तथा संकलन गर्न सक्नेछन् ।

### धारा ९८

### करप्रणालीको संयुक्त अधिकार

१. संघीय सरकार तथा राज्यहरूले संयुक्त रूपमा खडा गरेका संघसंस्थामा संयुक्त रूपमै मुनाफा, विक्री, अन्तःशुल्क तथा व्यक्तिगत आम्दानी करहरू उठाउने तथा संकलन गर्नेछन् ।

२. विभिन्न कम्पनीहरूको नाफा र शेयरधनीहरूका कारण प्राप्त लाभांशमा तिनीहरूले संयुक्त रूपमा करहरू उठाउने तथा संकलन गर्नेछन् ।

३. ठूला स्तरका खानी तथा पेट्रोलियम र ग्याँस सञ्चालनहरूमा त्यस्ता स्थानका करहरूबाट उठेको आम्दानीहरूमा तिनीहरूले संयुक्त रूपमै कर उठाउने तथा संकलन गर्नेछन् ।

### धारा ९९

### करप्रणालीका नतोकिएका अधिकार

संघीय सदन र जनप्रतिनिधिको सभाले एउटा संयुक्त बैठकमार्फत संबिधानमा स्पष्ट नभएका करप्रणालीको अधिकारको प्रयोगको निर्धारण दुई तिहाई बहुमतले गर्नेछ ।

### धारा १००

### करप्रणालीको निर्देशिका

१. आफ्नो कर अधिकारको प्रयोग गर्दै राज्य तथा संघीय सरकारले कुनै पनि कर राजस्वको स्रोतसँग सम्बन्धित रहेको सुनिश्चित गर्नेछ र उचित विचारपछि त्यो तय गरिनेछ ।

२. करका कारण उनीहरूको सम्बन्धमा नराम्रो असर पुग्नेछैन र करहरूका दर र रकमले सेवा प्रदान गर्दा करहरूले पुऱ्याउने सहयोग समान रहेनरहेको सुनिश्चित गर्दछ ।

३. नाफामूलक संघसंस्था बाहेक एक अर्काको सम्पत्तिमा राज्य तथा संघीय सरकारले कुनै कर उठाउने वा संकलन गर्नेछैन ।

## धारा १०१

## महालेखा परीक्षक

१. प्रधानमन्त्रीको शिफारिसमा जनप्रतिनिधिसभाले महालेखा परीक्षक नियुक्त गर्नेछ ।

२. महालेखा परीक्षकले आर्थिक वर्षभरिका गतिविधिका लागि समुचित ढंगले खर्चहरू उपयोग भएको सुनिश्चित गर्न र अनुमोदित विनियोजनहरूका अनुसार मन्त्रीहरू र संघीय सरकारका अन्य संस्थाहरूको लेखा परीक्षण तथा निरीक्षण गर्न सक्नेछ र सो प्रतिवेदनलाई जनप्रतिनिधिसभा समक्ष प्रस्तुत गर्नेछ ।

३. महालेखा परीक्षकले आफ्नो कार्यालयको वार्षिक वजेट तयार गरेर अनुमोदनका लागि जनप्रतिनिधिसभा समक्ष प्रस्तुत गर्नेछ ।

४. महालेखा परीक्षकको कार्यको विवरण कानुनले तोकेबमोजिम हुनेछ ।

## धारा १०२

## निर्वाचन मण्डल

१. संघीय तथा राज्यका निर्वाचन क्षेत्रहरूमा स्वतन्त्र र धाँधलीरहित निर्वाचन निश्पक्ष ढंगले सम्पन्न गर्न जस्तोसुकै किसिमको प्रभावबाट स्वतन्त्र एउटा राष्ट्रिय निर्वाचन मण्डलको स्थापना हुनेछ ।

२. प्रधानमन्त्रीको शिफारिसमा जनप्रतिनिधिसभाले निर्वाचन मण्डलका सदस्यहरू नियुक्त गर्नेछ । नियुक्ति प्रक्रिया कानुनले तोकेबमोजिम हुनेछ ।

## धारा १०३

## जनसंख्या गणना आयोग

१. आवधिक रूपमा जनगणनाका लागि एउटा राष्ट्रिय जनगणना आयोग स्थापना हुनेछ ।

२. प्रधानमन्त्रीको शिफारिसमा जनप्रतिनिधिसभाले आयोगका सदस्यहरू नियुक्त गर्नेछ ।

३. आयोगमा एकजना महासचिब र आवश्यकताअनुसार विशेषज्ञ तथा सहयोगी कर्मचारीहरू हुनेछन् ।

४. आयोगको वार्षिक बजेट अनुमोदनका लागि जनप्रतिनिधिसभा समक्ष प्रस्तुत गरिनेछ ।

५. प्रत्येक दश वर्षमा एउटा राष्ट्रिय जनगणना गरिनेछ । गणनाको परिणाम र राष्ट्रिय निर्वाचन मण्डलले सदनमा प्रस्तुत गरेको प्रतिवेदनका आधारमा संघीय सदनले निर्वाचन क्षेत्रका सीमाहरू निर्धारण गर्नेछ ।

६. आयोग जनप्रतिनिधिसभाप्रति जवाफदेही हुनेछ । यसले आफ्ना कार्यक्रम र गतिविधिहरू सञ्चालनका लागि आफ्ना आवधिक प्रतिवेदनहरू सदनमा प्रस्तुत गर्नेछ ।

## धारा १०४

## शंशोधनको प्रक्रिया

जनप्रतिनिधिसभाको दुई तिहाई बहुमतले समर्थन जनाएमा वा संघीय सरकारको दुई तिहाई बहुमत वा संघका सदस्यराज्यका राज्य परिषदको एक तिहाईले, प्रत्येक परिषदमा बहुमतको समर्थन रहेमा संविधान शंशोधनको कुनै प्रस्तावलाई छलफल र निर्णयका लागि सर्वसाधारण तथा संविधानको संशोधनसहित सम्बन्धित स्थानमा प्रस्तुत गरिनेछ ।

## धारा १०५

## संविधानको शंशोधन

१. यो संविधानको पाठ ३ मा उल्लेखित सबै अधिकार तथा स्वतन्त्रताहरू, यो धारा र धारा १०४ निम्न बमोजिम मात्र संशोधन गर्न सकिनेछः

   क. सबै राज्य परिषदहरूले शंशोधनको प्रस्तावलाई बहुमतले अनुमोदन गरेमा,

   ख. जनप्रतिनिधिसभाको दुई तिहाई बहुमतले प्रस्तावित संशोधनलाई पारित गरेमा, र

   ग. संघीय सदनले दुई तिहाई बहुमत सहित प्रस्तावित शंशोधनलाई अनुमोदन गरेमा ।

२. यो धाराको उपधारा १ मा उल्लेखित बाहेकका यस संविधानका अन्य प्रावधानहरूलाई निम्न तरिकाले मात्र संशोधन गर्न सकिनेछः

   क. जनप्रतिनिधिसभा तथा संघीय सदनले संयुक्त बैठकमार्फत प्रस्तावित संशोधनलाई दुई तिहाई बहुमतले पारित गरेमा, र

   ख. संघका सदस्य राज्यहरूका दुई तिहाई परिषदहरूले प्रस्तावित संशोधनलाई बहुमतले अनुमोदन गरेमा ।

## धारा १०६

## निर्णायक कानुनी अधिकार सहितको संस्करण

यो संबिधानको अन्तिम कानुनी अधिकार अमहारिक संस्करणसँग सुरक्षित रहनेछ ।